# परिच्छेद : एक
# परिचय

## १.१ पृष्ठभूमी

एस. एल.सी. परीक्षा

एस.एल.सी. परीक्षा भन्नाले विद्यालय तहको अन्तीम बाह्य परीक्षालाई जनाउँदछ जुन हालको व्यवस्था अनुसार कक्षा १० को अन्त्यमा राष्ट्रिय स्तरमा सञ्चालन गरिन्छ । नेपालमा सर्वप्रथम वि.स. १९९० मा एस.एल.सी. वोर्ड स्थापना भएपछि प्रवेशिका परीक्षा नेपालमै संचालन भएको र वि.स. १९९० मा १६ जना विद्यार्थी प्रवेशिका परीक्षामा सामेल भएका थिए । यी १६ जनामा दलित विद्यार्थी १ जना पनि थिएनन् । वि.स. १९९० को एस.एल.सी. वोर्डको स्थापना अघि कलकत्ता विश्वविद्यालयबाट प्रवेशिका परीक्षा दिइन्थो ( स्रोत : शिक्षा मन्त्रालयको बुलेटिन २०६३) ।

इलाम जिल्लामा शिक्षाको इतिहासको कुरा कोट्याउँदा सर्वप्रथम २००३ सालमा औपचारिक शिक्षा सुरुभएको पाइन्छ । वि.सं. २००३ सालमा हालको आदर्श उच्च मा.वि. मिडिल स्कुलको रूपमा स्थापना भएको र सोही समयको हाराहारीमा हालको करफोक विद्यामन्दीर उच्च मा.वि. प्राइमरी स्कुलको रूपमा स्थापना भएको पाइन्छ (स्रोत : जि.शि.का इलामको अभिलेख) ।

२००७ सालको प्रजातन्त्र प्राप्ती पछि विद्यालयहरू खुल्दै गएको पाइन्छ । यसक्रममा आमचोक, गोर्खे, माघे, पशुपतीनगर, नेपालटार, मंगलबारे जस्ता ठाँउहरूमा विद्यालयहरू खुली सञ्चालन भएको पाइन्छ । विद्यालय सञ्चालनमा तीव्रता आएपछि वि.सं. २०१३ सालमा यस जिल्लामा एस.एल.सी. केन्द्र सञ्चालन भएको र सो साल जिल्लाबाट २१ जना विद्यार्थीहरू एस.एल.सी. मा सामेल भई ३ जनाले एस.एल.सी.पास गरेको पाइन्छ (स्रोत: जि.शि.का. इलामको अभिलेख ) ।

हाल जिल्लामा ५८ वटा माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई २५ वटा एस.एल.सी. केन्द्रमा राखी परीक्षा सञ्चालन गरिएको छ ।

यस जिल्लामा २०६४ सालमा नियमित तर्फबाट ४३७७ जना विद्यार्थी एस.एल.सी मा समावेश थिए भने दलितको सङ्ख्या लगभग २५० रहेको थियो । यस वर्षको जिल्लाको एस.एल.सी. नतिजा ३०.६१५ रहेको छ भने एस.एल.सी.मा सहभागि २५० दलित विद्यार्थी मध्ये ५१ जना मात्र सफल भएका छन् । यस वर्ष कुनै पनि दलित विद्यार्थीले प्रथम श्रेणी नल्याएको पाइन्छ (स्रोत :जि.शि.का. इलामको अभिलेख ) ।

दलितको परिचय :

पहाडी, (२०५८) का अनुसार प्राचीन समयदेखि नै मानव विकासको क्रमसँगै समाजको निर्माण र जातीय संस्कार तथा विकास पनि भएको पाइन्छ । वर्ण व्यवस्थामा आधारित छुवाछुत प्रथाको सुरुवात केलाउँदा आजभन्दा करिव ५ हजार वर्ष पहिलेदेखिको इतिहास हेर्नुपर्ने हुन्छ । यसरी हेर्दा वर्ण व्यवस्था र छुवाछुत प्रथाको प्रचलन आर्यहरूले गरेको पाइन्छ आर्यहरूको उद्‌गमस्थल युरोपीय महादेश रहेको पाइन्छ । लगभग ५ हजार वर्ष पहिले आर्यहरू युरोपबाट हिंडेर घुम्दै इरान हुँदै भारत वर्षमा प्रवेश गरेको पाइन्छ । आर्यहरू भारतबर्षमा आइपुगी बसोवास गर्न थालेपछि वर्ण व्यवस्था र छुवाछुत प्रथाको विकास भएको पाइन्छ ।आर्यहरू दक्षिणी भारतको समथर भू-भागमा आई बसोवास गर्दा त्यहाँ आष्ट्रोद्रविड मूलका जातिहरू बसोवास गर्दथे । आर्यहरू र अष्ट्रोद्राविड मूलका समुदायहरू बीच युद्ध हुँदा आर्यहरूले जिती उक्त मूलका जातिहरूलाई दास बनाएको पाइन्छ । शक्तिको लागि आर्य-आर्यहरूबीच युद्धहुँदा हारेका आर्यहरू पनि दास बनाइए । यसरी समाजमा दास र मालिक दुई वर्गको जन्म भएको पाइन्छ । जुन हिन्दु धर्म अनुसारको सामाजिक वर्णब्यवस्थाको जग थियो । (पहाडी, २०५८)

दुई वर्गको समाजमा मालिकहरूको सङ्ख्या थोरै र दासको सङ्ख्या धेरै रहेको हुँदा दासहरूबाट मालिकहरूलाई सधै खतरा हुने महसुस गरी दासहरूबीच फुट गराइ मालिकहरूले सदासर्वदा उच्च वर्गमा बस्न समाजलाई चार वर्ण (ब्राम्ह्ण, क्षेत्री, बैश्य, शुद्र)मा विभाजित गरेर वर्ण अनुसार पेशा थोपरी सदासर्वदाका लागि समाजलाई विभाजन गरियो । वर्ण ब्यवस्था अनुसार समाज सञ्चालन हुँदै गइरहेको क्रममा शुद्रहरूको सङ्ख्या बढ्‌दै गएको पाइन्छ । समाजको ठूलो हिस्सा शुद्र वर्गमा रहन पुग्यो । ब्राम्हण राजा मनु (

ईसापूर्व २०० ताका)ले शुद्र बर्गमा फुट गराउन शुद्र बर्गको सबैभन्दा तल परेको हिस्सालाई अछुत बनाई छुवा-छुत प्रथा लागु गरेको पाइन्छ ।

मनुले वर्णब्यवस्थालाई चीरस्थायी बनाउन दर्शनशास्त्र, धर्म, कानुन, साहित्य आदिलाई बर्णब्यवस्था अनुसारको निर्माण गरी बर्णब्यवस्था ईश्वरले ल्याएको चलन पुष्टि गर्न सोही अनुसारको धर्मशास्त्र र कानुन तयार पारी वर्ण ब्यवस्थालाई दिमागदेखि नै स्वीकार गराउन कसरत गरेको पाइन्छ ।

मनुस्मृतीमा मनु (ईसा पुर्व २००) भन्दछन् "ब्राम्ह्ण मुखबाट जन्मेको" पृथ्वीमा सबैभन्दा श्रेष्ठ सृष्टि, सबैको मालिक, ब्राम्ह्ण बध सबैभन्दा ठूलो पाप, संसारमा भएजति सबै सम्पत्ति ब्राम्हणको हो ।" यस्तै शुद्र सम्बन्धमा "शुद्र खुट्टाबाट उत्पन्न भएको, छुन नहुने र गुदिविनाको अन्न , थोत्रोलुगा, खपटामा खान दिनुपर्ने, शुद्रले धन आर्जन गर्न नहुने ।" आदि उल्लेख गरिएको धर्मशास्त्र तथा सामाजिक नियम /कानुन निर्माण गरी लागु समेत गराइ बर्णब्यवस्था र छुवाछुत प्रथाको गहिरो र दह्रो जग हालेको पाइन्छ जसलाई भत्काउन २२०० बर्ष पछिको आजको समाजमा पनि सङ्घर्ष गरिरहनु परेको छ (पहाडी,२०५८) ।

दक्षिणी भारतीय समाजमा झाँगिएको बर्ण ब्यवस्था र छुवाछुत प्रथा भारतीय भू-भागमा फैलिन समय नै लागेन किन भने थोरै उच्च वर्गले बहुसङ्ख्यक ब्यक्तिहरूमा शासन गर्ने यो एक उत्तम माध्यम थियो । जसको अनुसरण भारतीय भू-भागका शासकहरूले तुरुन्तै गरिहाले । नेपाल भारतको खुला सिमानाले गर्दा भारतीय भू-भागमा मौलाएको छुवाछुत सहितको बर्ण ब्यवस्था हालको नेपालको तराइको भू-भागमा इ.सं. २०० देखि ६०० सम्ममा फैलिइ सकेको पाइन्छ।नेपालको शासन ब्यवस्थामा लिच्छवीहरू भारतबाट आएका हिन्दुहरू थिए र यिनको शासन इ.सं. २००को हारहारी देखि सुरु भएको मानिन्छ । लिच्छवीहरूमा भारतीय वर्णब्यवस्थाको धारणामा हुर्किई नेपाल प्रवेश गरेका हुँदा सोही समयदेखि नेपालमा बर्ण ब्यवस्था र छुवाछुतको प्रथा विकास हुँदै आएको पाइन्छ । यस्तै १२औं शताब्दि पछि भारतीय आर्य राजाहरूमा मुसलमानहरूको आक्रमण भएको र मुसलमान आक्रमणमा हारेका आर्य राजाहरू र तिनका साथमा रहेका हिन्दू जनताहरू भागेर नेपालको पश्चिम खण्ड हुँदै नेपाल प्रवेश गरेको पाइन्छ । यसरी नेपाल प्रवेश गर्ने हिन्दू/आर्यहरूले भारतीय

वर्णब्यवस्था र छुवाछुत प्रथासँगै ल्याएको पाइन्छ । लिच्छवीकालमै नेपालमा छुवाछुत सहितको वर्णब्यवस्थाको जग हालिएको थियो भने भारतीय भू-भागमा मुसलमान आक्रमण पछि नेपाल पसेका आर्यहरूले लिच्छवी राजवंशलाई हराई नेपालमा मल्ल बंशको शासन स्थापना गरे । मल्ल बंशमा पूर्णत छुवाछुत सहितको वर्णब्यवस्थाको संस्कार रहेको थियो ।

लिच्छवीकाल (वि.स.७०० देखि १४०० सम्म) सामन्य रूपमा रहेको छुवाछुत सहितको बर्णब्यवस्थालाई मल्ल राजा जयस्थिती मल्लले अझ कठोर बनाई लागु गरेको पाइन्छ । वर्ण ब्यवस्थालाई यही समयमा उपत्यका पश्चिमका खस राजा एवम् पूर्वको विजयपुर राज्यले पनि सामाजिक ब्यवस्थाका लागि भनी बर्णब्यवस्थालाई धर्मसँग जोडी लागु गरेको पाइन्छ । यसक्रममा गोरखाका तत्कालिन राजा राम शाहले चार वर्ण र छत्तीस जातको ब्यवस्था गरी लागु गरेको पाइन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा पनि बर्ण ब्यवस्था कायमै रहेको पाइन्छ । नेपाल एकिकरणको क्रममा पृथ्वीनारायण शाहले देश चारवर्ण छत्तीस जातको साझा फूलबारी हो भनी छुवाछुत सहितको वर्ण ब्यवस्थाको वकालत गरेको पाइन्छ । जवकि एकीकरणको अभियानमा मणिराम गाइने, कालुराम सार्की, विसे नगर्ची जस्ता शुद्र र अछुतहरू समेत समावेश थिए (पहाडी २०५८) ।

नेपाल एकीकरण पछि लामो समयसम्म राणाहरूले नेपालमा शासन गरे न्यून सङ्ख्यामा रहेका राणाहरूले बहुसंख्यक जनजातिमाथि शासन गर्ने एक सशक्त माध्यम छुवाछुत सहितको वर्ण ब्यवस्थालाई बनाएको पाइन्छ । त्यस समयमा बहुसङ्ख्यक जनतामा वर्णको आधारमा फुट सृजना गरी शासन गर्न सहज भएको भन्न सकिन्छ । छुवाछुत सहितको वर्णब्यवस्था कायम राख्न नै जंगबहादुर राणाले वि.सं. १९१० मा मुलुकी ऐन जारी गरेका थिए । जुन पूर्णत छुवाछुत सहितको बर्णब्यवस्थाको आधारमा निर्माण गरिएको थियो । छुवाछुत सहितको बर्णब्यवस्थालाई धार्मिक कानुनको रूपमा मनुले विकास गरेका थिए भने सोही धार्मिक कानुनलाई जंगबहादुर राणाले नेपालमा मुलुकी ऐनको रूपमा लागु गरेका थिए भन्न सकिन्छ । यसैले राणाकाल भर नेपालमा छुवाछुत सहितको बर्णब्यवस्थाको मुख्य आधारमा समाज सञ्चालन भएको यकिन गर्न सकिन्छ जसले गर्दा समाजका बहुसङ्ख्यक माानिसले शोषण, पिडा र दमनको सहन गरी बाँच्न बाध्य भएको पाइन्छ (पहाडी २०५८) ।

२००७ सालको प्रजातन्त्र प्राप्ती पछिको अन्तरिम शासन विधान, २००७ मा धर्म र जातिको आधारमा भेदभाव नगरिने र मौलिक अधिकारको ब्यवस्था गरिने उल्लेख गरी कानुनी रूपमा छुवाछुत सहितको बर्णब्यवस्था नरहने उल्लेख भएको पाइन्छ जसलाई छुवाछुत सहितको वर्णब्यवस्था अन्त्यको बृक्षरोपण मान्न सकिन्छ। छुवाछुत विरुद्ध नेपाल अधिराज्यको संविधान २०१५ ले मौलिक अधिकार अन्तर्गत छुवाछुत विरुद्धमा केही धाराहरू राखेको पाइन्छ। यस्तै नेपालको संविधान २०१९ ले समानताको हकको ब्यवस्था गरेको पाइन्छ। २०२० सालमा लागु गरिएको मुलुकी ऐनले छुवाछुत प्रथालाई कानुनी रूपले पूर्ण निषेध गरेको पाइन्छ। २०४८ सलामा संसोधन गरिएको मुलुकी ऐनमा छुवाछुत लगायतका भेदभावपूर्ण कार्य गर्नेलाई १ वर्ष कैद वा ३ हजार रूपैया जरिवाना हुने ब्यवस्था रहेको छ। यस्तै सोही ऐनमा छुवाछुत र जातीय विभेद विरुद्धको मुद्दा सरकारी मुद्दा हुने ब्यवस्था गरिएको छ (पहाडी २०५८)।

नेपालको अन्तरीम संविधान २०६३ को भाग ३, धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकको ब्यवस्था गरी जात, वंश, पेशाका आधारमा सार्वजनिक प्रयोगका सेवा, सुविधा उपयोग गर्न, उत्पादन वितरण गर्न र भोगचलन गर्न बन्देज लगाइने छैन र कसैले बन्देज वा रोक लगाएमा कानुन बमोजिम दण्डनीय हुनेछ भनी उल्लेख भएको छ। २००७ साल पछाडि छुवाछुत तथा वर्ण ब्यवस्थाको विरुद्धमा संविधान तथा कानुनमा थुप्रै ब्यवस्था भएतापनि परम्परागत सोचमा हुर्किएको हाम्रो रुढिवादी ब्राम्हणवादि प्रभुत्वमा विकास भएको समाजमा छुवाछुत सहितको वर्णब्यवस्थाले जरो गाडेको पाइन्छ। जसलाई उखेलेर फाल्न अझ धेरै सङ्घर्षहरू गरिनु पर्ने टड्कारो अवस्था देखिन्छ। दलित भन्नाले हिन्दू धर्म वर्णाश्रम व्यवस्था अनुसार ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र मध्येको शुद्र वर्णलाई जनाउँछ। वर्णको व्यवस्था हुँदा सीप, श्रम, दासता पेशाका मानिसहरूलाई शुद्र भनिएको पाइन्छ। मनुले शुद्रलाई पैतालाबाट जन्मेको, गुदिविनाको अन्न, बैदिक दिक्षा, मन्त्र दिन नहुने, अरुको सेवक, छोएको खान नहुने, कुनै धार्मिक कर्मकाण्डमा नचल्ने, अछुत आदि जस्ता शब्द प्रयोग गरी शुद्रको व्याख्या गरेको  पाइन्छ (पहाडी २०५८)।

त्रिखत्री २०६० का अनुसार नेपालमा निम्न जातलाई दलितको सुचिमा राखेको छ । कामी, दमाई,सार्की, गाइने, मलाहा, बादी, धोवी, मुसहर, चमार, खत्वे, दुषाद, कुसुले, डुम,हलखोर, बोटे, मेचे, जोगी आदि (त्रिखत्री, २०६०) ।

## दलित वर्गको शैक्षिक अवस्था :

वर्णव्यवस्थाको सुरुवातमा शुद्रले लेखपढ गर्न नपाउने भनी बन्देज थिएन । इसापूर्व २००ताका मनुले निर्माण गरेको मनुस्मृतीदेखि शूद्र र दलितलाई, लेखपढमा बन्देजको स्थिति आएको पाइन्छ । तैपनि साक्षरतामा बन्देज गरिएको पाइदैन । शा त्रहरू पढ्नमात्र बन्देज लगाइएको पाइन्छ । यसैले दलितहरू परम्परागत रूपमै शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक रूपमा पछि परेको पाइन्छ (पहाडी, २०५८)।

नेपालको सन्दर्भमा भन्दा २००७ सालभन्दा अगाडि मुलुकमा छुवाछुत सहितको वर्णव्यवस्था कानुनी रूपमा थियो भने २००७ साल पछाडि छुवाछुत विरुद्धको कानुन लागु भए पनि परम्परागत सामाजमा जरो गाडेको छुवाछुत प्रथा हालसम्म पनि कायमै रहेको छ । हालका बर्षहरूमा दलितहरूका शिक्षाका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन भए पनि अन्यको साक्षरता प्रतिशत ब्राम्हणमा ७२.३५, जनजातिमा ४८.०५ रहेको अवस्थामा दलितको साक्षरता ३३.८५५मात्र रहेको पाइन्छ (शिक्षा मन्त्रालयको बुलेटिन २०६३) ।

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा दलितको जनसङ्ख्या ३०,३०,०६७ अर्थात १३.०८५५ रहेकोमा यो सङ्ख्यामा सबैभन्दा बढी कामीको जनसङ्ख्या २९.५७ प्रतिशत र सबैभन्दा कम हलखोरको ०.१२ रहेको पाइन्छ (राष्ट्रिय जनगणना २०५८) ।

दलितहरूको शैक्षिक अवस्था निम्नानुसार रहेको पाइन्छ ।

| | |
|---|---|
| साक्षरता प्रतिशत | ३३.८ |
| एस.एल.सी. पास प्रतिशत | ३.८ |
| स्नातक प्रतिशत | ०.४ |
| विद्यालय उमेरको बर्ष प्रतिशत | ३.६२ |

| | |
|---|---|
| विद्यालय भर्ना प्रतिशत | २.१ |
| दलितको लागि शिक्षामा राष्ट्रिय खर्च | १५ करोड प्रतिबर्ष |

(स्रोत : शिक्षा मन्त्रालयको बुलेटिन २०६३)

दलितहरूको उत्थानको लागि २००७ साल पछि सरकारी स्तरबाट विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएको पाइन्छ । २००७ को आन्तरिम शासन विद्यानमा धर्म र जातको आधारमा भेदभाव नगरिने व्यवस्था गरिएको, नेपाल अधिराज्यको संविधान २०१५ मा मैलिक अधिकार अन्तरगत छुवाछुत विरुद्धको धाराहरू राखिएको, नेपालको संविधान २०१९ले समानताको हकको व्यवस्था गरेको, मुलुकी ऐन २०२०ले छुवाछुत प्रथालाई कानुनि रूपले पूर्ण निषेध गरेको, २०४८ सालमा संसोधन भएको मुलुकी ऐनमा छुवाछुत सहितको भेदभाव पूर्ण कार्य गर्नेलाई १ वर्ष कैद र ३ हजार रूपैया जरिवाना गर्ने सम्मको व्यवस्था गरेको , नेपालको आन्तरिम संविधान २०६३को भाग ३ धारा १४मा छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हकको व्यवस्था गरिएको छ ।

दलितहरूको लागि कानुनहरू निर्माण भएता पनि दलित समुदायबाट शैक्षिक मूल प्रवाहमा दलितहरूको प्रवेश कम भएको ठानी दलित समुदायलाई शैक्षिक मूल प्रवाहमा सामेल गर्न सरकारले आ.व. २०५२/२०५३ देखि प्राथामिक तहमा अध्ययनरत दलित विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्न २ करोड ९० लाख छुटयाएको थियो । यो क्रम आजसम्म नियमित रूपमा सञ्चालित छ र प्रत्येक वर्ष दलित छात्रबृत्तिको रकम वढ्दो अवस्थामा रहेको छ । यस्तै माध्यमिक तह (६-१०) मा अध्ययन गर्ने विद्यार्थीको लागि पनि सरकारी स्तरबाट छात्रवृत्तिको व्यवस्था नियमित रूपमा भइरहेको छ । चालु तृवर्षीय योजनामा लोपन्मुख माध्यमिक तहका दलित विद्यार्थीलाई प्रतिमहिना रु ५००।- छात्रवृत्ति दिने व्यवस्था मिलाइएको छ दलितहरूको शैक्षिक अवस्थामा सुधार गर्न प्रत्येक शैक्षिक संस्थाहरूले १० प्रतिशत  सम्म सिट दलितहरूका लागि आरक्षण गरी छात्रबृत्ति समेत दिनुपर्ने व्यवस्था गरिएको छ । रोजगारीको क्षेत्रमा हाल लोकसेवा आयोगले दलितहरूका लागि आरक्षणको व्यवस्था गरेको छ ।

स्थानीय बिकास मन्त्रालयको उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान बिकास समितिले माध्यमिक तह उच्च शिक्षामा अध्ययनरत (प्रवीणता प्रमाणपत्रतह) विद्यार्थीलाई रु १५००।- स्नातक र स्नातकोत्तरमा रु २५००।- छात्रबृत्ति प्रदान गर्दै आएको छ ।

नेपालमा सञ्चालित सबैका लागि शिक्षा कार्यक्रमले दलितहरूलाई विशेष प्राथमिकता दिएको पाइन्छ । यस कार्यक्रमले दलितको भर्ना बढाउन, कक्षा छोड्ने, दोहोऱ्याउने दर घटाउन दलित महिलालाई शिक्षकमा नियूक्ति गर्न विशेष प्राथमिकता दिएको पाइन्छ ।हालसम्म पनि सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा दलितहरूको अवस्था नाजुक रहेको मान्न सकिन्छ ।अहिले पनि दलितहरू दास, कमारो, गुलामको रूपमा जीवन गुर्जान बाध्य छन् । नेपालमा दलितको साक्षरतादर प्रतिव्यक्ति आय, औसत आयू अन्य जातिको तुलनामा कम छ । हाल पनि प्राय दलितहरू शिक्षा, चेतना, सम्पत्ति, मर्यादाबाट बञ्चित छन् । दलित जातिहरू अन्धविश्वास र कुरीतिको प्रभावमा शिक्षाबाट बञ्चित भएको पाइन्छ भने शिक्षित व्यक्ति, समुदायबाट पनि यस्तो प्रथालाई हटाउनुको सट्टा संरक्षण प्रदान गरेको महसुस हुन्छ । जातीय आधारको भेदभावपूर्ण व्यवहार पूर्णत निर्मूल नभएको हालको अवस्थामा शिक्षा र चेतनाको क्षेत्रमा दलितको सहभागिता बढाउनु आजको आवश्यकता भएको छ ।

**इलाम जिल्लाका दलितको अवस्था ।**

नेपालको पूर्वी सिमानाका रूपमा कन्चनजंघा हिमालको काखमा रहेको इलाम जिल्लामा मानव सभ्यताको विकाससँगै मानव इतिहास रहेको पाइन्छ । नेपाल एकीकरणको क्रममा वि.सं. १८३१ मा इलाम नेपालको भू-भागको अंश बनेको हो । वि.सं. १८३१ पूर्व इलाम सिक्किम राज्यको भू-भागको रूपमा रहेको थियो भने सो पूर्व विजयपुर राज्यको भू-भागको रूपमा रहेको थियो ।

भारतेली वा लिच्छवी वा मल्लकालीन छुवाछुत सहितको वर्ण व्यवस्थाबाट यो जिल्ला अछुत रहन सक्ने कुरै भएन । यसैले यस जिल्लामा पनि छुवाछुत सहितको बर्णब्यवस्थाको प्रभाव प्राचीन कालदेखि हालसम्म रहिआएको पाइन्छ । ( इलाम दर्पण, २०६३)

बृटिसकालिन भारत (सन् १८०१ देखि १९४७) को पश्चिमी बंगालको शासनकेन्द्र दार्जीलिङ्गसँग जिल्लाको पूर्वी सिमाना जोडिको र तत्कालीन इलामको पूर्वीभागको बजार दार्जीलिङ्ग भएको हुँदा दार्जीलिङ्गको प्रत्यक्ष प्रभाव इलाम जिल्लामा परेको र हालसम्म पनि सो अवस्था कायमै रहेको पाइन्छ । यसैले यस जिल्लाका दलित अन्य जिल्लाका तुलनामा उत्पादन, सामाजिक र शिक्षाको क्षेत्रमा केही अगाडि छन् कि भन्न सक्ने अवस्था रहेको पाइन्छ ।

राणाकालीन समयमा जिल्लाका दलितहरू सामाजिक सेवाका कार्यमा सम्लग्न भएको पाइन्छ जसको उदाहरण पुवाखोलाको दमाई पुल र दमाई पाटीले आजसम्म पनि दलितको योगदानलाई सम्झाइ रहेको छ । खेलकुदको क्षेत्रमा कमल सुन्दासले पुर्‍याएको योगदान इलामेली नागरिकले नबिर्सिएको महसुस हुन्छ । २००७ सालको प्रजातन्त्र प्राप्ती पछि इलाम नगरपालिकामा दलित व्यक्तिबाट कमीशनरको मनोनयनले जिल्लामा दलितहरूको अवस्था सामान्य रहेको प्रमाणित हुन्छ । २०१७ सालको पञ्चायती व्यवस्था पछि भने जिल्लामा दलितहरू पिसिएको दलितहरू नै बताउँछन् । मुक्ति समाज जिल्ला समितिले २०६० सालमा लिएको तथ्याङ्कमा जिल्लामा करिव १६ हजार दलित जनसङ्ख्या रहेको उल्लेख गरेको छ । राष्ट्रिय जनगणना २०५८ मा करीव १३ हजारको हाराहारीमा दलित जनसङ्ख्या रहेको पाइन्छ । जिल्लामा मुख्यत दलितको रूपमा कामी, दमाई, सार्की, जाती रहेको पाइन्छ भने न्युनरूपमा तेली, गाइने, मुसहर, चमार हरिजन रहेको पाइन्छ (त्रिखत्री, २०६०) ।

यस जिल्लाका दलितहरूले सार्वजनिक पदमा पुग्न अन्य जातिको तुलनामा बढी मेहनत गर्नुपर्ने साथै जातीय संस्कार र दिनचर्याले पनि दलितहरूलाई यस कार्यमा अघि बढ्न बाधक बनेको छ । जिल्लाका दलितहरू आधुनिक पेशा व्यवसायमा भन्दा परम्परागत पेशा व्यवसाय मै रुमल्ली रहेका मान्न सकिन्छ । यस जिल्लामा दलितहरू जिल्लाभर छरिएर रहेका छन् । आर्थिक रूपमा जिल्लाका दलितहरूका समग्र अवस्था न्यून रहेको मान्न सकिन्छ । जिल्लाको दलितको जनसङ्ख्याको ४०.२५ भूमिहिन छन् भने ३७.५५ सँग १० रोपनी भन्दा कम जग्गा छ । यस्तै १४.३५ सँग २० रोपनी सम्म र ९.८५ दलितसँग मात्र २१ रोपनी भन्दा बढी जग्गा छ । आफ्नै खेतिको आम्दानीले वर्षभरि खान पुग्ने दलितको सङ्ख्या जिल्लामा ९.६५ मात्र छ । जीवन निर्वाहको निम्ति दलित समूदायका व्यक्तिहरूले

ज्याला मजदुरी र परम्परागत पेशा अंगालेको पाइन्छ । जिल्लामा दलितवर्गबाट सञ्चालित कुनै पनि व्यवसायिक पसल उद्योग बाणिज्य सङ्घ र पेशागत ब्यवसाय सङ्घमा दर्ता भएको नपाइएको हुँदा दलितहरू परम्परागत पेशामै रुमल्लिइ रहेको प्रष्ट हुन्छ । जसले गर्दा आर्थिक रूपमा दलितहरू पछाडि रहेको मान्नु पर्दछ (त्रिखत्री, २०६०) ।

राजनैतिक रूपमा जिल्लाका दलितहरू पछि परेको पाइन्छ । यस बर्गमा राजनैतिक चेतना कम रहेको पाइन्छ । राजनैतिक पार्टिहरूको जिल्ला कार्यसमितिमा समेत यस वर्गको प्रतिनिधित्व कम रहेको पाइन्छ । २०५४ सालको स्थानीय निकायमा निर्वाचित प्रतिनिधिमा वडाध्यक्ष भन्दा माथि यस वर्गको प्रतिनिधित्व नरहेको पाइन्छ छ (त्रिखत्री, २०६०) ।

यस वर्गको शैक्षिक अवस्थामा पनि उल्लेख्य प्रगती छैन । जिल्लामा कुल मा.वि. शिक्षक मध्ये २ जना दलित रहेको, नि.मा.वि. मा ११ जना दलित शिक्षक रहेका छन् भने प्राथमिक तहमा ६१ जना रहेका छन्, वि.ब्य.स. अध्यक्षमा ३ जना रहेको पाइन्छ (*जि.शि.का. इलामको अभिलेख,२०६४* ) ।

विद्यार्थी भर्नामा प्रा..वि. तहमा करीव ३९०० विद्यार्थी छन् भने नि.मा.वि. र माध्यमिक तहमा ११७१ जना रहेका छन् । प्राथमिक तहमा दलित विद्यार्थीको सहभागिता सन्तोषजनक भएपनि निम्नमाध्यमिक र माध्यमिक तहमा दलित विद्यार्थीको सहभागिता न्यून रहेको मान्नु पर्दछ । कक्षा दोहोर्‍याउने तथा छाड्नेहरूमा पनि दलितहरूको सङ्ख्या उल्लेख्य रहेको पाइन्छ (*जि.शि.का. इलामको अभिलेख,२०६४* ) ।

जिल्लामा दलितहरूको साक्षरता प्रतिशत करीव ४०५ रहेको छ । साक्षरतामा महिलाहरूको प्रतिशत न्यून रहेको छ (*जि.शि.का. इलामको अभिलेख,२०६४* ) ।

शैक्षिक सत्र २०६४ को एस.एल.सी. परीक्षामा सामेल कुल विद्यार्थी मध्ये दलित विद्यार्थी ५.५५ मात्र रहेको र एस.एल.सी. पासको प्रतिशत १. ३ रहेको पाइन्छ (*जि.शि.का. इलामको अभिलेख,२०६४* ) ।

जिल्लाका दलितहरू प्राय जातिगत पेशा, कृषिकार्य, नोकरी र बैदेशिक रोजगारमा रहेको पाइन्छ । दलित उत्थानको लागि जिल्लामा सरकारी तथा गैह्र सरकारी संस्थाहरू सम्लग्न रहेको भएतापनि दलितहरूको अवस्थामा खासै सुधार भएको पाइदैन ।

**१.२ समस्याको कथन :**

दलितहरूको सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा मात्र नभई शैक्षिक क्षेत्रमा पनि प्रश्न उठ्ने गरेको पाइन्छ । दलितवर्गको उत्थानको लागि सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक क्षेत्रमा कुनै परिवर्तनको संकेत देखिएको छैन । दलित जनजातिको राज्यले अझ सम्म पनि द्विविधापूर्ण स्थितिमा राखेको भान हुन्छ । तथापि नेपाल सरकारले दलित, उत्पीडित र जनजातिलाई भनी निजामति एवम् शैक्षिक क्षेत्रमा केही कोटाहरू आरक्षण गरेको भने पाइन्छ । तै पनि यस ब्यवस्थाको खासै सान्दर्भिकता भने देखिदैन किनभने दलितहरूको शैक्षिक अवस्था झन् झन् कमजोर हुँदै गइरहेको छ । दलित विद्यार्थीहरुको सिकाइ उपलव्धीको स्तर गैह्र दलित विद्यार्थीको भन्दा कम रहेको छ भन्ने चर्चा उठीरहेको सन्दर्भमा आफ्नो कार्यक्षेत्र शिक्षण नै रहेको विद्यालयीय शिक्षालाई गुणस्तर बनाउने रहेको हुँदा र नमूना छनौट गरिएको क्षेत्र पनि आफ्नो निरिक्षण क्षेत्र परेको हुँदा यस सम्वन्धमा वास्तविकता के रहेको छ पत्ता लगाउने उद्देश्यले यो अध्ययन क्षेत्र छनौट गरिएको हो ।

क. इलाम जिल्लामा अवस्थित समुदायिक विद्यालयमा दलित विद्यार्थीहरूको एस.एल.सी. परीक्षाको शैक्षिक उपलब्धि स्तर कस्तो रहेको छ ?

ख. दलित विद्यार्थीले झेल्नु पर्ने समस्या के के हुन् ?

ग. दलित र गैह्र दलित विद्यार्थी बीचको शैक्षिक उपलब्धि स्तरको अन्तर कस्तो रहेको छ ?

घ. यस जिल्लामा दलित विद्यार्थीका लागि कस्ता-कस्ता कार्यक्रम सञ्चालन गरिएको छ ?

ङ. संचालित कार्यक्रमहरुको प्रभाव ?

उपरोक्त समस्याहरुलाई निम्नलिखित शिर्षकबाट प्रतिनिधित्व हुने गरी यस अध्ययनलाई अगाडि बढाइएकोछ । प्रवेशिका परीक्षामा दलित र गैह्र दलित विद्यार्थीको सिकाई उपलव्धीको तुलना ।

## १.३ अध्ययनको औचित्य

बर्तमान देशको शैक्षिक अवस्था राम्रो छैन । अझ दलितहरूको शैक्षिक अवस्था विकराल छ । यस सन्दर्भमा इलाम जिल्लाका दलितहरूको एस.एल.सी.को शैक्षिक उपलब्धिस्तर नियाल्नु यस अध्ययनको एक महत्वपूर्ण पक्ष हो । अध्ययनको औचित्य निम्न अनुसार रहेको छ ।

शैक्षिक योजनाकारहरूलाई शिक्षाको नीति निर्माणमा सहयोग पुऱ्याउन मद्दत पुग्नेछ यस्तै आगामी दिनमा यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहाने अध्ययन अनुसन्धानकर्ताका लागि एउटा महत्वपूर्ण स्रोत वा सन्दर्भ सामाग्रीको रुपमा रहन्छ । यस्तै यस क्षेत्रमा शैक्षिक स्तरलाई वृद्धि गर्नका लागि विभिन्न शैक्षिक कृयाकलापहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउनेछ । स्थानीय निकायलाई शैक्षिक सूचना प्रदान गर्न एवम् शैक्षिक क्रियाकलाप संचालन गर्न सहयोग पुग्नेछ। यस क्षेत्रका दलित उत्थानसँग सम्बन्धित सामाजिक सङ्घ संस्थालाई सहयोग गर्न ।

## १.४ अध्ययनको उद्देश्य

क. दलित र गैह्र दलित विद्यार्थीमा विद्यालयले गर्ने व्यवहार पत्ता लगाउने ।

ख. एस.एल.सी. परीक्षामा दलित र गैह्र दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर पत्ता लगाउने ।

ग. दलित र गैह्र दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तरको तुलना गर्ने ।

घ. दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर वृद्धि गर्न सुझाव प्रस्तुत गर्ने ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरू

क. एस.एल.सी परीक्षामा दलित विद्यार्थीको शैक्षिक उपलब्धि कति छ ?

ख. दलित र गैह्र दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिको तुलनात्मक अवस्था कस्तो रहेको छ ?

ग. दलित विद्यार्थीको उपलब्धिस्तर बढाउन के गर्नु पर्छ ?

घ. दलित विद्यार्थीहरू प्रति कस्तो व्यवहार गरिन्छ ?

ङ. यस क्षेत्रको प्रवेशिका परीक्षाको उपलव्धी स्तर पत्ता लगाउनु ।

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन दलित विद्यार्थीहरूको एस.एल.सी. परीक्षाको शैक्षिक उपलब्धि सँग सम्बन्धित छ एस.एल.सी. परीक्षाको नियमित तर्फको परीक्षाफललाई मात्र लिइएको छ । यो अध्ययनको क्रममा निजि विद्यालयहरूलाई समावेश गरिएको छैन । अध्ययनकर्ताको कार्यक्षेत्रसँग सम्बन्धित रहेको हिसावले इलाम जिल्लाको आदर्श उच्च मा.वि. स्रोत केन्द्र भित्रका सामुदायिक मा.वि.हरूकोमात्र अध्ययन गरिएको छ । यो अध्ययन निम्न सिमा भित्र रहेर गरिएको छ ।

क. यो अध्ययन इलाम जिल्लाको आर्दश उ.मा.वि.स्रोत केन्द्रमा मात्र आधारित छ ।

आदर्श उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गत निम्न पाँच विद्यालयहरुमा मात्र सिमित छ ।

१. आदर्श उ.मा.वि. इ.न.पा

२. भगवती मा.वि. इ.न.पा.

३. अमर उ.मा.वि. बरवोटे

४. साङ्गरुम्वा मा.वि.साङ्गरुम्वा

५. खान्द्रुङ्ग मा.वि. सिद्धिथुम्का

ख. यो अध्ययन नमूना छनौटमा परेका विद्यालयका दलित रर गैह्र दलित वीचको सिकाइ उपलव्धीको तुलनामा आधारित छ ।

ग. यो अध्ययन पहाडि प्रदेशको इलाममा मात्र सिमित रहेकोले अन्य जिल्लामा यसको निष्कर्षलाई सामान्यिकरण गर्न नसकिने हुन्छ ।

घ. यो अध्ययन यस क्षेत्रको दलित र गैह्र दलितसँग सम्बन्धित भएकोले अन्य क्षेत्रका दलितसँग मेल नखान सक्दछ ।

ङ. वि.स. २०६०,२०६१,२०६२,२०६३,२०६४ सम्मको शैक्षिक उपलब्धि मात्र अध्ययन गरिएकोले अन्य सालको सिकाई उपलव्धीसंग मेल नखान सक्छ ।

# परिच्छेद दुई

## अध्ययनको सैद्धान्तिक ढाँचा र सम्वन्धित साहित्यको पुनरावलोकन

### २.१ अध्ययनको सैद्धान्तिक ढाँचा :

सामाजिक विभेदीकरणको धारणा तथा चिन्तनहरूले संस्कृतिको निर्माण र हस्तान्तरण गर्नमा सहयोग पुऱ्याएको पाइन्छ। सामाजिक विभेदीकरणको सिद्धान्तले नै समाजमा दलित गैह्र दलित तथा छुवाछुत प्रथाको विकास हुँदै आएको पाइन्छ । यसैले सामाजिक असमानताका सम्बन्धमा केही समाजशास्त्रीय सिद्धान्तलाई सन्दर्भ साहित्यका रूपमा प्रस्तुत गरिएको छ।

कार्ल मार्क्स-(सन् १९३६) उनी साम्यवादी दर्शनका महान दार्शनीक हुन् । उनको दर्शनमा सामाजिक विभेदीकरणको मुख्य कारण पूँजीलाई लिएका छन् । पूँजीले सामाजिक विभेदीकरणलाई प्रश्रय दिन्छ । समाजमा रहेको पुँजीपति र श्रमिकमा आपसी स्वार्थको लागि सङ्घर्ष भई समाजमा वर्गहरूको निर्माण हुन्छ। वर्ग सङ्घर्षले सामाजिक स्वरूपमा परिवर्तन ल्याउँछ । वर्गसङ्घर्षमा श्रमीकहरूको जित भई अन्त्यमा वर्ग विहिन समाजको निर्माण हुन्छ। यस दर्शनलाई इलाम जिल्लाको एस.एल.सी. परीक्षामा दलित र गैह्र दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिको स्तरको विश्लेषण गर्ने कार्यमा प्रयोग गरिएको छ। यस दर्शनका अनुसार कसरी आर्थिक, असमानताका कारणले दलित र गैह्र दलितको सिकाई उपलव्धी विश्लेषण गरिएको छ।

Maxweber : (१९५२) यिनका दर्शनमा व्यक्तिहरूका बीचमा सम्पत्ति, शक्ति र मानसम्मानका लागि समाजमा तानातान भइरहन्छ जसको प्राप्तीको परिणामले सामाजिक विभेदीकरण हुन्छ । उपयुक्त कुरामा परिवर्तन गर्नासाथ सामाजिक विभेदीकरणमा पनि परिवर्तन आउँछ । यो दर्शन इलाम जिल्लाको एस.एल.सी. परीक्षामा दलित विद्यार्थीको शैक्षिक उपलब्धि पत्ता लगाउन विश्लेषण गर्ने क्रममा प्रयोग गरेको छु।

Gerhard Lenski : यिनी (१९६०) ताकाका समाजशास्त्री हुन् । यिनका दर्शनमा शक्तिमा भएको फरक फरक पहुँचले असमानता सिर्जना गर्दछ । यसले सम्पत्ति, अधिकार, शिक्षा, धर्म, लिङ्ग आदिमा असमानता उत्पन्न गर्दछ । यो दर्शन इलाम जिल्लाको एस.एल.सी.परीक्षामा दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर पत्ता लगाउन प्रयोग गरिएको छ ।

मास्लोले आवश्यकताको परिपूर्ति निम्ति उत्प्रेरित हुने कुरामा जोड दिएका छन् । उनका अनुसार मानिसका आवश्यकताहरू श्रेणीबद्ध रूपमा रहेका हुन्छन् । उनले आवश्यकताहरूलाई शारीरिक आवश्यकता, सम्मानको आवश्यकता र आत्मयथार्थीकरणको आवश्यकता गरी पाँच भागमा बाँडेका छन् । उनका अनुसार तल्लो तहका आवशयकता पूर्ति भएमात्र मानिस माथिल्लो तहको आवश्यकताको पूर्तिको निम्ति उत्प्रेरित हुन्छ । यसरी मास्लो आवश्यकताको बोध तथा त्यसको प्राप्तिको लागि व्यक्ति संधै उत्प्रेरित हुने कुरामा विश्वास राख्दछन् ।

## २.२ सम्वन्धित साहित्यको पुनरावलोकन

ओली (२०६२) का अनुसार दलित विद्यार्थीहरुको शैक्षिक उपलव्धी स्तर र यसमा प्रभावहरु पर्ने पक्षहरुको अध्ययनमा उद्देश्य,महत्व,औचित्यको उल्लेख गरिएको छ । अध्ययनका क्रममा विभिन्न विद्वानहरुको अध्ययनलाई सन्दर्भ साहित्यको रुपमा लिई विषयवस्तुको व्याख्या/विश्लेषण गरी अध्ययनको संक्षेप प्रस्तुत गरिएको छ । विभिन्न माध्यमद्वारा प्राप्त तथ्याङ्क विश्लेषण गरी दलित विद्यार्थीहरुको शैक्षिक उपलव्धी स्तरमा प्रभाव परीरहेका सामाजिक, आर्थिक, पेशागत, राजनैतिक पक्षहरुको उल्लेख गरी दलित विद्यार्थीहरुको अंग्रेजी,गणित, नेपाल र विज्ञान विषयको प्राप्ताङ्क औषत उत्रिर्णाङ्क भन्दा कम रहेको उल्लेख छ (ओली, २०६२) ।

दलित विद्यार्थीहरुको औषत उपलव्धी वृद्धि गर्न छात्रवृति प्रदान गर्ने, छुवाछुत र भेदभावपूर्ण व्यवहारको समुल रुपमा अन्त्यय गरिनुपर्ने, रोजगारमूलक शिक्षा हुनु पर्नु, निःशुल्क पाठ्यपुस्तक वितरण जस्ता कार्यहरु भएमा दलित विद्यार्थीहरुमा प्रोत्साहन भई शैक्षिक उपलव्धी वढ्ने निष्कर्ष निकालिएको छ (ओली, २०६२) ।

त्रिखत्री २०६० का अनुसार  जिल्लाका दलितहरूको सामाजिक अवस्थामा सामाजिक रूपमा मर्यादित र सम्मानित जीवन बाच्न अझै पनि सङ्घर्ष गर्नु पर्ने, सार्वजनिक पदमा पुग्न बढि मेहनत गर्नु पर्ने होटल व्यवसाय तथा चिया पसल जस्ता व्यवसाय सञ्चालन नगरेका, जिविको पार्जनका लाीग छरिएर बस्नुपर्ने वाध्यता दलितको लागि सञ्चालन गरिएका कार्यक्रम वास्तविक दलितसम्म नपुगेको अवस्था आदि उल्लेख गरिएको छ ।

दलितहरूको आर्थिक अवस्थामा स्थीर पूंजी (घर जग्गा) कम रहेको आफ्नो खेतिको आम्दानीले खान पुग्नेको सङ्ख्या ९.६ प्रतिशत मात्र रहेकोले ज्याला मजदुरी र परम्परागत पेशा अंगालेको पाइन्छ भनी उल्लेख छ । दलितहरूको राजनैतिक अवस्थामा कमजोर रहेको, चुनावको समयमा भोट खरिद विक्रि गर्न माध्यम बनेको, राजनैतिक रूपमा जातीय मुक्तीको क्रियाकलाप सञ्चालन हुन नसकेको, राजनैतिक पार्टिले दलितलाई समेट्ने कोशीस नगरेको अवस्था उल्लेख गरिएको  छ (त्रिखत्री, २०६०) ।

एजुकेशन पेजेज (२०६५) अनुसार गतवर्षमा पनि गैह्र दलितहरू दलितको कोटामा छानिने गरेको चर्चा भएपनि प्रमाणित भने यसै वर्ष देखि भएको उल्लेख छ । छात्रबृत्तिमा १५ प्रतिशत दलितका लागि कोटा आरक्षण हुने गरेकोमा स्थानीय निकायले शक्ति र पैसाको भरमा गैह्र दलितलाई दलित भनी जिल्ला प्रशासन कार्यालयमा सिफरिस गरिदिने र सोही आधारमा जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय दलित आयोगमा सिफारिस गरिदिने, जिल्ला प्रशासनको सिफारिसका आधारमा राष्ट्रिय दलित आयोगले हतार साथ दलित भएको प्रमाणपत्र दिने गरेको पाइन्छ भनी  उल्लेख गरिएको छ  (एजुकेशन पेजेज (२०६५) ।

यही प्रमाणको आधारमा शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखाबाट छात्रवृत्ति पाई दलितको कोटामा गैह्र दलितले पढ्नु गम्भीर आपत्तिजनक भएको लेखमा उल्लेख छ । लेखमा रोचक प्रसँग के छ भने पहिले राष्ट्रिय दलित आयोगले नै दलित भनी प्रमाण पत्र दिन्छ र पछि आयोगले नै दलित होइन भनी उजुर गर्दछ भनी उल्लेख गरिएको छ  ( एजुकेशन पेजेज २०६५) ।

पहाडी (२०५८) का अनुसार बैदिक कालमा आर्य र अनार्य दुईमात्र वर्ण रहेको र श्रम विभाजनको क्रममा सिन्धुघाँटी स्थित हडप्पा सभ्यता पछि आर्यहरूले ब्राम्हण, क्षेत्री, बैश्य गरी तीन वर्णमा बाँडेकोमा इ.पु. १५०० देखि १०००को बीचमा ब्राम्हण र क्षेत्रीको आपसी कलहको कारणले चौथो वर्ण शुद्रको उत्पत्ति भयो जसलाई शिक्षा र सम्पत्तिबाट बञ्चित गरियो भनी उल्लेख गरिएको छ (पहाडी, २०५८) ।

इ.पू. ६०० देखि ३०० को अवधिमा ब्राम्हण र क्षेत्री बीच मतभेद हुँदा ब्राम्हण गुरु चाणक्यले शुद्रहरूसँग साँठगाँठ गरी क्षेत्रीको प्रभूत्वलाई समाप्त गरी नन्द एवम् मौर्या जस्ता शुद्र राजवंशको स्थापना गरेको लेखमा उल्लेख छ । (पहाडी, २०५८) ।

इ.पु. १८५ मा ब्राम्हण राजा मनुले मनुस्मृति प्रकाशन गरी शुद्र ढोल र नारी यातनाको भागिदार हुने, शुद्रहरू अरुका दास र कमारा हुन, शुद्रले धन कमाउन नहुने र शुद्रले कमाएको धन ब्राम्हणले हरण गर्नु पर्ने उल्लेख गरी शुद्रलाई अझै कमजोर बनाएको उल्लेख छ (पहाडी, २०५८) ।

नेपालमा लिच्छिवीकाल (वि.स. ७००) भन्दा अगाडि वर्ण व्यवस्था प्राय नरहेको अवस्था पाइन्छ । लिच्छविहरूको वंश दक्षिण भारतका हिन्दू भएका हुँदा यसकालमा वर्णव्यवस्थाको केही विकास भएको पाइन्छ । मल्ल हरूका बंशज मुसलमान द्वारा लखेटिएका भारतीय हिन्दूराजा भएका हुँदा राजा जयस्थिति मल्लले वर्णव्यवस्थालाई कठोर बनाई लागु गरेको पाइन्छ । यसै ताका गोर्खाका राजा रामशाहले ४ वर्ण ३६ जातको व्यवस्था गरी शुद्रलाई तलपार्ने कार्य गरे, पृथ्वीनारायण शाहले पनि नेपालको एकिकरण गरेपछि नेपाललाई सक्कली हिन्दूस्थानको नारा दिंदै जातभात र छुवाछुत प्रथालाई मुलुक भरि लाद्ने काम गरेको उल्लेख छ ।

एकीकरण पछि भिमसेन थापाले छुवाछुत प्रथालाई अझ कठोर बनाए । राणाकालीन १९१० को मुलुकी ऐनले जातपात र छुवाछुत प्रथालाई कानुनि मान्यता दिई शुद्र र अछुतलाई आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा असमान व्यवहार गरियो । यसैले शुद्र र अछुतहरू पूर्णरूपमा अशिक्षित, गरिव, दुःखी र उत्पीडित हुँदै गएको उल्लेख छ ।

राणाशासन पछि प्राप्त प्रजातन्त्रमा बनेका कानुन एवम् संविधानमा जातिपाति र छुवाछुत नभई कानुनका नजरमा सवै समान हुने व्यवस्था उल्लेख गरे पनि व्यवहारमा ढाल्ने कार्य नभएको हुदा हालसम्म पनि शुद्रहरू सवैक्षेत्रमा तुलानात्मक रूपमा कमजोर नै रहेको शुद्र, अछुत, सामाजिक, आर्थिक, शैक्षिक रूपमा पछि परेको कुरा ठाँउ ठाँउमा उल्लेख भएपनि वास्तविक अवस्था कस्तो रहेको भनी चित्रण गरेको पाइएन । दलितहरूको शैक्षिक अवस्था कमजोर भनिएको छ तर उपलब्धि कस्तो रहेको छ कही उल्लेख पाइँदैन (पहाडी २०६५) ।

नेपाल, (२०६५) का अनुसार दलित तथा पछाडि परेका समुदायको जीवनमा कसरी परिवर्तन ल्याउन सकिन्छ भनी नीति, कार्यक्रम, योजना सरकारले निर्माण गर्नुपर्छ, सरदर आयू ४४ वर्ष, साक्षरता प्रतिशत २४, स्वाथ्य सुविधा न्यून, पेट पाल्नका लागि अधिकांश युवा विदेशिने प्रवृत्ति, यातायात, सञ्चार, शैक्षिकसुविधा आदि ज्यादै न्यून रहेको मुगु जिल्लालाई धेरै उच्च जीवनस्तर भएका काठमाडौं, ललितपुर जिल्ला समान बनाउने नीति सरकारी स्तरबाट आउनु पर्दछ । यस्तै आरक्षणको नाममा मैना वि.क.लाई मात्र टिप्दा धेरै मैनाहरू छुट्छन् भनी उल्लेख छ (नेपाल, २०६५) ।

मुख्य भागमा उपेक्षित, उत्पीडित, दुर्गम क्षेत्रमा बसोबास गर्ने जातजातिहरूमा आर्थिक कमजोरी, चेतनाको अभाव, विद्यालयबाट टाढा, सामाजिक कुरीति र अन्ध विश्वासले जरो गाडेर रहेको हालको अवस्थामा समग्र सुधारका लागि सरकारी स्तरबाट प्रभावकारी कार्यक्रम ल्याई कार्यान्वयन गर्नु पर्ने हुन्छ जसको लागि सरकारले विभिन्न चुनौतिको सामना गर्न तयार हुनु पर्दछ र सवै नेपालीले उपभोग गर्न सक्ने गरी समताको आधारमा शिक्षा, स्वास्थ्य, चेतना जस्ता कार्यक्रम सञ्चालन गरिनु पर्दछ जसबाट दलित, उत्पीडित, पछाडि पारिएका वर्ग समेत लाभान्वीत हुनु पर्दछ भन्ने आशय उल्लेख गरिएको छ ।

आरक्षण व्यवस्थाले निश्चित व्यक्तिमात्र लाभान्वित भई आम समूदाय लाभान्वित नभएको आशय र अन्त्यमा दलित, उत्पिडितको लागि गरिएको आरक्षण व्यवस्थामा आरक्षणको लागि छुटिएको कार्यक्रम बजेट दुर्गम र पछाडिएको समुदायसम्म पुग्नु पर्ने, शैक्षिक गुणस्तर वृद्धि गर्न उपाय खोजी गर्ने, विद्यालयहरूको भौतिक सुविधा बृद्धि गरी सवैलाई सहज पहुँचको व्यवस्था हुनुपर्ने , गाउँ ठाउँमै उच्च मा.वि. सम्मको पढाइ हुनु पर्ने, छात्रवृत्ति र सुविधाहरू

बढाइनुपर्ने, अभिभावकको चेतनामा बृद्धि गरिनुपर्ने जस्ता कार्यक्रमहरू ल्याउन सुझाव दिइएको छ (नेपाल,२०६५) ।

## २.३ पुनरावलोकनको शैक्षिक उपदेयता

यस अध्ययनको क्रमकमा कार्लमार्क्स, माक्स वेबर, गेहार्ड लेन्स्की तथा अल्फ्रेड मास्लोका सिद्धान्तहरू प्रयोग गरिएको छ । कार्लमाक्सको सिद्धान्तका आधारमा सामाजिक विभेदीकरणको ब्याख्या विश्लेषण गरिएको छ । मार्क्स वेबर तथा गेहार्ड लेन्स्कीको सिद्धान्तको आधारमा समाजमा दलितहरूको अवस्था तथा त्यसको शैक्षिक उपलब्धिसँगको सम्बन्धको ब्याख्या गरिएको छ । मासलोको सिद्धान्त (१९६६) का आधारमा आवश्यकता, उत्प्रेरणा तथा शैक्षिक उपलब्धिहरू ब्याख्या गरिएको छ । समसामयिक अध्ययन तथा सम्बन्धित साहित्यहरूको आधारमा अध्ययनको विधि तथा सामग्री छनोटमा सहयोग पुगेको छ । प्रस्तुत अध्ययनलाई थप अर्थ प्राप्त गर्ने काममा समेत साहित्यको योगदानले महत्व दिइएको छ ।

# परिच्छेद : तीन
## अध्ययन विधि

### ३.१ अनसुन्धान ढाँचा

यस अध्ययनको क्रममा इलाम जिल्लाका १४ स्रोत केन्द्रका ६२ वटा सामुदायिक मा.वि. तथा उ. मा.वि.हरू मध्ये नमुनामा परेका विद्यालयहरूको एस. एल. सी. परीक्षामा दलित तथा गैह्र दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिको गुणात्मक विश्लेषण गरिएको छ । यस अध्ययनको क्रममा परिमाणात्मक र गुणात्मक अनुसन्धान विधिको प्रयोग भएको छ । तथ्याङ्कको प्रस्तुति व्याख्या तथा विश्लेषण यो अनुसन्धान बन्न पुगेको छ ।

### ३. २ जनसङ्ख्या

विद्यालयहरूको एस.एल.सी. परीक्षामा सामेल विद्यार्थीहरू विद्यालयमा अध्ययनरत विद्यार्थीहरू, शिक्षकहरू,अभिभावकहरू तथा विद्यालय निरीक्षकहरूलाई अध्ययनको मुख्य जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.३ नमूना छनौटका आधार

अध्ययनकर्ताले कार्यक्षेत्रको हिसावले सहज हुने गरी (Purposeful Sampling ) इलाम जिल्लाका १४ श्रोतकेन्द्रहरू मध्ये Random Sampling को आधारमा १ स्रोत केन्द्रका ५ वटा सामुदायिक माध्यमिक विद्यालयहरूको छनौट ( Purposeful sampling ) गरिएको छ । यी विद्यालयहरूबाट एस. एल. सी. परीक्षा दिने विद्यार्थीहरूमध्ये चिट्ठा पद्धति ( Random Sampling ) बाट वर्षको १० /१० जनाको दरले वि.स. २०६०,२०६१,२०६२,२०६३ र २०६४ सम्मका ५०/५० जना दलित तथा गैह्र दलित विद्यार्थीहरू छनोट गरिएको छ । हरेक विद्यालयबाट ५ दलित विद्यार्थी, ५ दलित अभिभावक, २ शिक्षक तथा जिल्ला शिक्षा कार्यालयबाट २ विद्यालय निरीक्षक चिट्ठा पद्धति ( Random Sampling ) बाट छनौट गरिएको छ । यसरी बन्द प्रश्नावलीद्वारा २५ जना दलित विद्यार्थी २५ जना दलित अभिभाव

१० जना शिक्षक ,२ जना विद्यालय निरिक्षकबाट धारणा लिइएको छ । प्रत्येक वर्ष प्रत्येक विद्यालयबाट २ जना दलित र २ जना गैह्र दलित विद्यार्थी चिठ्ठा पद्धतिबाट छनौट गरी उनीहरुको एस.एल.सी. परीक्षाको कूल प्राप्ताङ्क जि.शि.का र विद्यालयको अभिलेखबाट लिई अध्ययन गरिएको छ ।

## ३.४ अनुसन्धानका साधनहरु

अध्ययन अनुसन्धानका क्रममा अध्ययन अनुसन्धानका साधनहरुको महत्वपूर्ण योगदान रहन्छ अध्ययनका साधन भन्नाले अध्ययनको क्रममा प्रयोग गरिने प्रश्नावली, अन्तर्वार्ता फाराम, अवलोकन फाराम एवं तथ्याङ्कहरु बुझिन्छ । यीनको विश्वसनीयतामा अध्ययन अनुसन्धानको निष्कर्षको विश्वसनियता रहन्छ ।

### ३.४.१ तथ्याङ्कको प्राथमिक स्रोत

अध्ययनको क्रममा अन्तरवार्ता, प्रश्नावली, Content Analysis आदिका आधारमा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । मुख्यतय बन्द प्रश्नावलीलाई तथ्याङ्क सङ्कलनको माध्यमको रूपमा प्रयोग गरिएको छ । विद्यालय निरिक्षक, दलित विद्यार्थी, दलित अभिभावक विद्यालय निरिक्षकको लागि प्रश्नावलीहरू तयार गरिएको छ ।

### ३.४.२ तथ्याङ्कको द्वितिय स्रोत

वि. स. २०६० देखि २०६४ सम्मको ५ वर्षको सम्बन्धित विद्यालयहरूको एस. एल. सी. परीक्षाको मार्कलेजरबाट आवश्यक द्वितीय तथ्याङ्कहरू सङ्कलन गरिएको छ । संकलन गर्ने क्रमममा जि.शि.का को मार्कलेजर र विद्यालयको मार्कलेजवर समेत भिडान गरी यथार्थ तथ्याङ्क लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रशनावली तथा फारामको प्रयोग गरिएको छ । हरेक विद्यालयबाट एस.एल.सी. परीक्षाको मार्कलेजरबाट २०६० देखि २०६४ सम्मको नमुनामा परेका दलित तथा गैह्र दलित विद्यार्थीहरूको प्राप्ताङ्कलाई तथ्याङ्क सङ्कलन फारामबाट लिइएको छ । नमुना छनोटमा परेका दलित विद्यार्थी , गैह्र दलित विद्यार्थी , अभिभावक , शिक्षक तथा विद्यालय निरीक्षकसँग बन्द प्रश्नावली भराउने तथा फाराम भर्ने सम्पूर्ण कार्य स्वयम् अध्ययनकर्ताबाट गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्राप्त तथ्याङ्कलाई सम्पादन तथा सांकेतीकरण गरेर विष्लेषण  गरी निष्कर्ष प्राप्तीको लागि तथ्याङ्कलाई तालिकाहरुमा, रेखाचित्रहरुमा प्रस्तुत गर्ने कार्य गरिएको, औषत उपलव्धीहरु पत्ता लगाई तालिकामा समेत राखिएको, केही परिणामलाई रेखाचित्रद्वारा प्रष्ट पारिएको , नतिजाहरुलाई प्रतिशतमा देखाइएका जस्ता कार्य गरी समग्र साङ्खिक तथा शाव्दिक विश्लेषणको आधारमा यस अध्ययनको निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको ब्याख्या तथा विश्लेषण

दलित तथा गैह्र दलित विद्यार्थीको सिकाइ उपलव्धी तुलना गर्ने क्रममा विद्यार्थीहरुको २०६०-२०६४ को एस.एल.सी. परीक्षाको प्राप्ताङ्कलाई हेरी विश्लेषण गरिएको छ । यस क्रममा विद्यार्थीहरुको उपलव्धी स्तर पत्ता लगाउने, उपलव्धी स्तरको तुलना गर्ने, शैक्षिक उपलव्धी बृद्धि गर्न सुझाव प्रस्तुत गर्ने जस्ता कार्यहरु गरिएको छ ।

## ४.१ नमूना विद्यालयको अभिलेखबाट प्राप्त तथ्याङ्कको विश्लेषण

एस.एल.सी. परीक्षालाई विद्यार्थी जीवनको फलामे ढोका को रूपमा लिइन्छ । त्यसमा पनि आर्थिक, सामाजिक तथा साँस्कृतिक दृष्टिकोणले पछाडि पारिएका दलित विद्यार्थीहरूको उपलब्धिसँग सम्बन्धित विषय आफैमा पनि महत्वपूर्ण र संवेदनशील हुन्छ । नमूना छनोटमा परेका विद्यालयहरूका विगत ५ वर्ष २०६०,२०६१,२०६३ र २०६४ को एस.एल.सी. परीक्षाको मार्कलेजरबाट दलित र गैह्र दलित विद्यार्थीको प्राप्त सिकाई उपलब्धिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १ एस. एल. सी परीक्षामा दलित विद्यार्थीको औषत सिकाइ उपलब्धि

| क्र.सं | विद्यालय | उपलब्धि प्रतिशतमा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ | २०६३ | २०६४ | कुल |
| १ | आदर्श उ.मा.वि. | ४४.६२ | ४३.६२ | ४६.३१ | ४६.५६ | ४२.६२ | ४४.७४ |
| २ | अमर उ. मा.वि. | ३९.७८ | ५३.३१ | ४६.० | ४६.५० | ३३.३१ | ४३.८० |
| ३ | भगवती मा.वि. | ४३.९३ | ३९.० | ४६.५६ | ४२.० | ३८.६२ | ४२.०३ |
| ४ | साङग्रुम्बा मा.वि. | ३९.१८ | ३९.९३ | ४५.१८ | ४०.८१ | ३७.३७ | ४०.५० |
| ५ | खान्द्रुङ्ग मा.वि. | ४३.४३ | ४२.१२ | ४६.२५ | ४६.१८ | ३६.१२ | ४२.८२ |
| | कुल | २१०.९४ | २१७.९८ | २३०.३० | २२२.०५ | १८८.०४ | २१३.९० |
| | | ४२.१८ | ४३.५२ | ४६.०६ | ४४.४१ | ३७.६० | ४२.७८ |

स्रोत : विद्यालयको मार्क लेजर २०६०-२००६४

यसरी समग्रमा एस. एल. सी. परीक्षामा दलित विद्यार्थीहरूको औषत उपलब्धि ४२.७८ ५ रहेको देखिन्छ । यो उपलब्धि कुल (१००%) र राष्ट्रिय नतिजाको तुलनामा निकै तल देखिन्छ । Gehard Lenski का अनुसार शक्तिमा भएको फरक फरक पहुँचले असमानता सिर्जना गर्दछ । शक्तिले सम्पति , अधिकार, शिक्षा , धर्म, लिङ्ग, आदिमा असमानता यही असमानताको चपेटामा परेका दलित विद्यार्थीहरूको अधिक श्रम उत्साह र अवसरको कमी शिक्षा प्रतिको सकारात्मक धारणाको अभाव जसका कारणले गर्दा न्यून उपलब्धिको सिकार भएका देखिन्छन् । यहाँ मास्लोको उत्प्रेरणाको सिद्धान्तले व्याख्या गरे जस्तै अवस्था सिजना भएको देखिन्छ । मानिस आफ्ना आवश्यकता पूर्तिको दिशातर्फ उत्प्रेरित हुन्छ । वर्तमान शिक्षा प्रणाली प्रति दलित विद्यार्थीहरूको आकर्षण नै देखिदैन । यसको मुख्य कारण यो शिक्षा प्रणलीले दलित विद्यार्थी प्रति न्याय गर्न सकेको छैन । शिक्षा न त सीपमुखी छ न रोजगारमुखी खाली कोरा किताबी ज्ञान (द्ययपष्कज प्लयधभिमनभ) ले मात्र विहान वेलुकाको छाक टार्न समस्या वोकेका दलित विद्यार्थीहरूको आवश्यकता पूरा हुन सक्दैन । फलस्वरूप शिक्षा प्रतिको आकर्षण र उत्प्रेरणा कमजोर वन्न पुग्दछ । जसको कारण एस.एल.सी परीक्षामा दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि कमजोर बन्नु स्वाभाविक पनि छ ।

यसै गरी सम्वन्धित विद्यालयहरूको सोही वर्षहरूमा गैह्र दलित विद्यार्थीको एस.एल.सी परीक्षामा प्राप्त शैक्षिक उपलब्धिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं. २ एस. एल. सी परीक्षामा गैह्र दलित विद्यार्थीको औषत सिकाइ उपलब्धि

| क.सं | विद्यालय | उपलब्धि प्रतिशतमा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ | २०६३ | २०६४ | कुल |
| १ | आदर्श उ.मा.वि. | ४७.२५ | ४७.६८ | ४९.४३ | ६२.२५ | ४७.० | ५०.७३ |
| २ | अमर उ. मा.वि. | ४८.३१ | ५८.७५ | ४७.८१ | ५६.० | ४७.० | ५१.५८ |
| ३ | भगवती मा.वि. | ५२.०६ | ४४.९३ | ५३.५६ | ४५.० | ४०.१८ | ४७.१५ |
| ४ | साङग्रुम्बा मा.वि. | ४२.३७ | ४३.७५ | ४५.५० | ४९.०६ | ४०.३७ | ४४.२२ |
| ५ | खान्द्रुङ्ग मा.वि. | ४६.१२ | ४३.८१ | ४९.४३ | ४८.० | ४७.५० | ४६.९८ |
| | कुल | २३६.११ | २३८.९२ | २४५.७३ | २६०.३१ | २२२.०५ | २४०.६५ |
| | | ४७.२२ | ४७.७८ | ४९.१४ | ५२.०६ | ४४.४१ | ४८.१३ |

स्रोत : विद्यालयको मार्क लेजर २०६०-२००६४

यसरी एस.एल.सी परीक्षामा गैह्र दलित विद्यार्थीहरूको औषत उपलब्धि औषत रूपमा ४८.१३ प्रतिशत देखिन्छ । यसबाट के देखिन्छ भने  एस. एल सी परीक्षामा गैह्र दलित विद्यार्थीहरूको उपलब्धि दलित विद्यार्थीको उपलव्धीको तुलनामा ५.३५ प्रतिशत बढी भएको देखिन्छ ।

शैक्षिक उपलब्धि भन्ने कुरा निरपेक्ष हुँदैन यो सापेक्ष हुन्छ । उपलब्धि सँग गाँसिएका यस्ता धेरै पक्षहरू हुन् जसले दलित विद्यार्थीहरूको उपलब्धि समितिकरण गर्ने कार्यमा सहयोग गरिरहेका छन् । यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने वास्तवमा दलित तथा गैह्र दलित दुवै खालका विद्यार्थीहरूको उपलब्धि हुनुपर्ने उपलब्धि भन्दा निकै कम गराउने साझा तत्वहरू रहेकोले तिनीहरू यस अध्ययनमा समावेश छैनन् । हाम्रो समाज हिन्दू सामन्ती परिवेशबाट ग्रसित समाज हो ।यहाँको आर्थिक सामाजिक सम्बन्ध विभेदपूर्ण छ । कार्लमाक्सले भने जस्तै A Great part of the peopel cannot read and they are extraordingary creature दलित विद्यार्थीहरूका अधिकांश अभिभावकहरू अशिक्षित छन् । उनीहरूमा शिक्षाको महत्ववोध नै छैन । जसले गर्दा दलित विद्यार्थीहरू घरमा उपयुक्त वातावरण नै पाउँदैनन् । फेरि मार्क्सवादी सिद्धान्तकै अनुसार सामाजिक संरचना शक्ति शिक्षा लगायतका हरेक पक्षमा निर्णायक तत्व भनेको अर्थ हो । आर्थिक रूपले पिछडिएका दलित विद्यार्थीहरूको वर्तमान शिक्षाप्रति सकारात्मक धारणा नै छैन । सकारात्मक धारणा हुने समेत हातमुख जोर्ने समस्याले विहान बेलुका घरमा थोत्रे लुगा टालेर बस्नु पर्ने हुनाले उनीहरूमा समय नै छैन । यसरी दलित विद्यार्थीहरूको उपलब्धि गैह्र दलितको तुलनामा कमजोर छ । हाम्रो समाजमा गैह्र दलितहरूको अवस्था दलितको तुलनामा सन्तोषजनक देखिन्छ ।

### ४.१.२ दलित र गैह्र दलित विद्यार्थीको शैक्षिक उपलब्धि तुलनात्मक विवरण


दलित र गैह्र दलित विद्यार्थीको एस.एल.सी परीक्षको ५ वर्षको औसत उपलब्धि निम्नानुसार देखिएको छ ।

तालिका न. ३ दलित र गैह्र दलित विद्यार्थीको शैक्षिक उपलव्धी तुलनात्मक विवरण

| क्र. स | विद्यालय | २०६० | | २०६१ | | २०६२ | | २०६३ | | २०६४ | | ५ वर्षको औषत ५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | गैह्र दलित | दलित | गैह्र दलित | दलित | गैह्र दलित | दलित | गैह्र दलित | दलित | गैह्र दलित | दलित | गैह्र दलित |
| १. | आदर्श उ.मा.वि. | ४४.६२ | ४७.२५ | ४३.६२ | ४७.६८ | ४६.३१ | ४९.४३ | ४६.५६ | ६२.२५ | ४२.६२ | ४७.०० | ४४.७५ | ५०७३ |
| २ | अमर उ. मा.वि. | ३९.७८ | ४८.३१ | ५३.३१ | ५८.७५ | ४६.० | ४७.६१ | ४६.५० | ५६.० | ३३.३१ | ४७.० | ४३.८० | ५१.५८ |
| ३ | भगवती मा.वि. | ४३.९३ | ४२.०६ | ३९.० | ४४.९३ | ४६.५६ | ५३.५६ | ४२.० | ४५.० | ३८.६२ | ४०.१८ | ४२.०३ | ४७.१५ |
| ४ | साङग्रुम्बा मा.वि. | ३९.१८ | ४२.३७ | ३९.९३ | ४३.७५ | ४५.८१ | ४५.५० | ४०.१८ | ४९.०६ | ३७.३७ | ४०.३७ | ४०.५० | ४४.२२ |
| ५ | खान्द्रुङ्ग मा.वि. | ४३.४३ | ४६.१२ | ४२.१२ | ४३.८१ | ४६.२५ | ४९.४३ | ४६.१८ | ४८.० | ३६.१२ | ४७.५० | ४२.८२ | ४६.९८ |
| | कुल | | | | | | | | | | | ४२.७८ | ४८.१३ |

स्रोत : विद्यालयको मार्क लेजर २०६०-२००६४

शैक्षिक उपलव्धिलाई रेखाचित्रमा देखाइएको छ




माथिको तालिका अनुसार दलित र गैह्र दलित विद्यार्थीको उपलब्धि तुलना गर्दा ५ वर्ष ( २०६०, २०६१, २०६२, २०६३, २०६४) को आदर्श उ.मा.वि. इ.न.पा. मा दलितहरूको एस. एल. सी. को उपलब्धि औसत ४४.७५प्रतिशत देखिन्छ भने गैह्र दलितको सोही अवधिको औसत उपलब्धि ५०.७३ प्रतिशत देखिन्छ यस आधारमा कुल ८०० पूर्णाङ्कमा गैह्र दलित भन्दा दलित विद्यार्थीको औसत प्राप्ताङ्कमा ५.९८ प्रतिशत कम अंक प्राप्त गरेको देखिन्छ ।

यस्तै अम्मर उ.मा.वि. बरबोटेको औसत उपलब्धि हेर्दा दलित विद्यार्थीको अंक ४३.८ प्रतिशत देखिन्छ भने गैह्र दलित विद्यार्थीको औसत उपलब्धि ५१.५८ प्रतिशत रहेको पाइन्छ यस आधारमा कुल ८०० पूर्णाङ्कमा गैह्र दलित भन्दा दलित विद्यार्थीको औसत प्राप्ताङ्क ७.७८ प्रतिशत कम उपलब्धि भएको देखिन्छ ।

भगवती मा.वि. गोलाखर्कको सोहि अवधिको औसत उपलब्धि हेर्दा दलित विद्यार्थीको औसत उपलब्धि ४२.०३ प्रतिशत रहेको छ भने गैह्र दलित विद्यार्थीको औसत उपलब्धि ४७.१५ प्रतिशत भएको पाइन्छ । यस आधारमा कुल ८०० पूर्णाङ्कमा गैह्र दलित भन्दा दलित विद्यार्थीको औसत उपलब्धि ५.१२ प्रतिशत कम रहेको देखिन्छ ।

साङ्गरुम्बा मा.वि. साङरुम्बामा सोही अवधिको औसत उपलब्धि हेर्दा दलित विद्यार्थीको औसत उपलब्धि ४०.५ प्रतिशत रहेको छ भने गैह्र दलित विद्यार्थीको औसत उपलब्धि ४४.२२ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ । यस आधारमा कुल ८०० पूर्णाङ्कमा गैह्र दलित भन्दा दलित विद्यार्थीको औसत उपलब्धि ३.७२ प्रतिशतले उपलब्धि कम रहेको देखिन्छ ।

खान्द्रुङ्ग मा.वि. सिद्धिथुम्कामा सोही अवधिको औसत उपलब्धि हेर्दा दलित विद्यार्थीको ४२.८२ प्रतिशत र गैह्र दलित विद्यार्थीको ४६.९८ प्रतिशत देखिन्छ । यस आधारमा कुल ८०० पूर्णाङ्कमा गैह्र दलित भन्दा दलित विद्यार्थीको औसत उपलब्धि ४.१६ प्रतिशत उपलब्धि कम देखिन्छ ।

समष्टिमा सबै विद्यालयको उल्लेखित अवधिको औसत उपलब्धि दलित विद्यार्थीको ४२.७८ प्रतिशत र गैह्र दलित विद्यार्थीको औसत प्राप्ताङ्क ४८.१३ प्रतिशत रहेको पाइन्छ । यस आधारमा ८०० पूर्णाङ्कमा गैह्र दलित भन्दा दलित विद्यार्थीको औसत उपलब्धि ५.३५ प्रतिशत उपलब्धि कम रहेको देखिन्छ ।

तथ्याङ्कले दलित विद्यार्थीहरुको सिकाइ उपलब्धी गैह्र दलित विद्यार्थीको तुलनामा कम रहेको देखियो । दलित विद्यार्थीहरुको सिकाइ उपलब्धी कम हुनुको कारणहरु पहिचान गरी निराकणका उपायहरु खोजी गरी प्रभावकारी रुपमा लागू गर्न आवश्यक देखिन्छ । यसरी दलित विद्यार्थीहरुको सिकाइ उपलब्धी कम हुदै गएमा दलित विद्यार्थीको उत्तिर्ण प्रतिशत समेत कम भई दलितहरुको शिक्षा प्रति नकरात्मक प्रभाव पर्ने देखिन्छ ।

## ४.२ दलित गैह्र दलित विद्यार्थी प्रति विद्यालयले गरेको व्यवहार

दलित विद्यार्थी प्रति विद्यालयको व्यवहार अध्ययन गर्न नमूना छनोट गरिएको प्रत्येक विद्यालयबाट ५ जना दलित विद्यार्थी, ५ जना दलित अभिभावक, २ जना शिक्षक र जि.शि.. का.का २ जना वि.नि.हरू छनोट गरी प्रत्येकलाई छुट्टाछुट्टै प्रश्नावली तयार गरी अध्ययन गरिएको छ । दलित विद्यार्थीलाई दलित अभिभाकलाई, शिक्षकलाई र विद्यालय निरीक्षकलाई बन्द प्रश्नावलीद्वारा अवस्था अध्ययन गरिएको छ । प्रश्नावलीका नमूना अनुसूचि १-४ मा राखिएको छ ।

क) दलित अभिभावकहरुलाई विद्यालयले गर्ने व्यवहार

दलित विद्यार्थी प्रति राज्य तथा विद्यालयले गरेको व्यवहार

तालिका नं. ४ दलित विद्यार्थी प्रति गरिएको व्यवहार N = 25

| दलित विद्यार्थी प्रति गरिएको व्यवहार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामान्य | १६ | ६४ |
| हेपाहा | २ | ८ |
| वेवास्ता | ५ | २० |
| प्रोत्साहनपूर्ण | २ | ८ |

*स्रोत : स्थलगत अध्ययन-२०६५*

यस तथ्यले दलित प्रति राज्य तथा विद्यालयले सामान्य व्यवहार गरेको देखाउँछ भने दोस्रोमा दलितलाई प्रोत्साहन गरेको देखाउँछ । दलितलाई हेपेको र दलित प्रति वास्तै नगरेको भन्ने भनाइमा न्यून सहमत रहेको देखिन्छ यसबाट दलित विद्यार्थी प्रति विद्यालयको व्यवहार नकारात्मक नरहेको मान्नु पर्दछ ।

वर्तमान शैक्षिक व्यवस्था सम्वन्धी उनीहरुको धारणा :

तालिका नं.५ वर्तमान शैक्षिक व्यवस्था सम्वन्धी उनीहरुको धारणा : N = 25

| वर्तमान शिक्षा पद्धति प्रतिको प्रतिक्रिया | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सवै नागरिक प्रति समान व्यवहार | ७ | २८ |
| उच्चवर्गप्रति समर्पित | ८ | ३२ |
| समताको आधारमा | ७ | २८ |
| सामाजिक वर्ण व्यवस्थाका आधारमा | ३ | १२ |

*स्रोत : स्थलगत अध्ययन-२०६५*

यस तथ्यले समान व्यवहार र समताको सिद्धान्तमा गम्भीर रहेको देखाउँछ भने उच्च वर्गलाई प्रथामिकता दिएको भन्ने तर्क पनि कम रहेको मान्न सकिदैन । सामाजिक वर्ण व्यवस्था अनुसारको व्यवहार भएको तर्क चाहिँ न्यून रहेको देखिन्छ । संक्षेपमा वर्तमान शैक्षिक व्यवस्था दलितप्रति नकारात्मक रहेको मान्न सकिदैन ।

दलित विद्यार्थीको उपलव्धी स्तर गैह्र दलित विद्यार्थीको तुलनामा न्युन हुनुका कारण

तालिका नं.६ दलित विद्यार्थीको उपलव्धी स्तर गैह्र दलित विद्यार्थीको तुलनामा न्युन हुनुका कारण N = 25

| उपलवधी कम हुने कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| समान व्यवहार | २ | ८ |
| दलितहरुको आफ्नै प्रवृति | २ | ८ |
| आर्थिक कमजोरी | १९ | ७६ |
| सरकारी नीति | २ | ८ |

*स्रोत : स्थलगत अध्ययन-२०६५*

यस तथ्यले आर्थिक कमजोरकिो कारणले दलित विद्यार्थीको उपलव्धी कम भएको धारणा प्रवल रुपमा आएको देखिन्छ । अन्य पक्षमा पनि झिनो मत आएको छ । यस बाट के भन्न सकिन्छ भने दलित विद्यार्थीहरुको उपलव्धी स्तर न्यून हुनको मुख्य कारण आर्थिक कमजोरी नै रहेको देखिन्छ ।

ख) दलित विद्यार्थीप्रति विदालयले गरेको व्यवहार सम्वन्धी धारणा :

तपाईंलाई विद्यालयबाट कस्तो व्यवहार गरिन्छ ?

तालिका नं.-७ दलित विद्यार्थीप्रति विदालयले गरेको व्यवहार सम्वन्धी धारणा :

N = 25

| दलित विद्यार्थीले विद्यालयबाट गरिएको व्यवहारमा गरेको अनुभूति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| धेरै राम्रो | १० | ४० |
| राम्रो | १२ | ४८ |
| सामान्य | ३ | १२ |
| नराम्रो | ० | ० |

*स्रोत : स्थलगत अध्ययन-२०६५*

यस तथ्यले विद्यालयले दलित विद्यार्थीप्रति राम्रो, धैरै राम्रो व्यवहार गरेको देखाउँछ । सामन्य व्यवहार गरेको भनाइ न्यून रहेको र नराम्रो व्यवहार गरेको छदैछैन भन्ने देखाउँछ । यसबाट विद्यालयले दलित विद्यार्थी प्रति राम्रो व्यवहार गरेको देखाउँछ ।

तपाईंलाई माथिल्लो जातिका विद्यार्थीले कस्तो व्यवहार गर्दछन् ? भनी विद्यार्थीसँग सोधनी गर्दा :

तालिका नं. -८ माथिल्लो जातिले गरेको व्यवहार

| माथिल्लो जातिले गरेको व्यवहार | विद्यार्थी (२५) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| धेरै राम्रो | ८ | ३२ |
| राम्रो | १३ | ५२ |
| सामान्य | २ | ८ |
| नराम्रो | २ | ८ |

*स्रोत : स्थलगत अध्ययन-२०६५*

यस तथ्यले दलित विद्यार्थीप्रति गैह्र दलित विद्यार्थीले राम्रो र धेरै राम्रो व्यवहार गरेको पुष्टि गर्दछ भने सामान्य व्यवहार पनि गरेको देखाउँछ । गैह्र दलित विद्यार्थीले दलित विद्यार्थीप्रति

नराम्रो व्यवहार गरेको आवाज पनि झीनो रूपमा उठेको देखियो जुन सकारात्मक पक्ष होइन तथापि राम्रो, धेरै राम्रो व्यवहारको अंश अत्याधिक देखिन्छ ।

तपाईंले अध्ययन गर्नु भएको पाठयक्रमले तपाईंको दैनिक जीवनमा कस्तो प्रभाव पारेको छ ? भनी विद्यार्थीसँग सोधनी हुँदाः

तालिका नं. -९ पाठ्यक्रमको प्रभाव

| पाठ्यक्रमको प्रभाव | विद्यार्थी (२५) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| अति उत्तम | ५ | २० |
| उत्तम | ९ | ३६ |
| मध्यम | ८ | ३२ |
| छैन | ३ | १२ |

*स्रोत : स्थलगत अध्ययन-२०६५*

पाठ्यक्रमले पनि विद्यालयले विद्यार्थीप्रति गरिने व्यवहारको यकिन गर्ने हुँदा यो प्रश्न पनि व्यवहार अध्ययनमा प्रयोग गरेको छु । यस तथ्यले वर्तमान पाठयक्रमले दलित विद्यार्थीको दैनिक जीवनमा अति उत्तम, उत्तम र मध्यम प्रभाव परेको देखाउँछ । उत्तम प्रभाव सबैभन्दा बढी, मध्यम र अति उत्तम प्रभाव क्रमशः तल देखिन्छ भने प्रभाव नै परेको छैन भन्ने आवज न्यून देखिन्छ ।

ग. विद्यालय शिक्षकसँग गरिएको प्रश्नमाः-

तपाईं दलित विद्यार्थी प्रति कस्तो व्यवहार गर्नुहुन्छ ? भनी सोधिनी हुँदाः

तालिका नं. -१० शिक्षकले दलित विद्यार्थी प्रति गर्ने व्यवहार

| शिक्षकले दलित विद्यार्थी प्रति गर्ने व्यवहार | शिक्षक (१०) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| समान | ८ | ८० |
| नकारात्मक | ० | ० |
| समताको आधारमा | २ | २० |
| प्राथमिकता | ० | ० |

*स्रोत : स्थलगत अध्ययन* -२०६५

यस तथ्यले शिक्षकहरूले दलित प्रति समान व्यवहार गरेको देखाउँछ भने दलितलाई केही प्राथमिकता दिएको देखिन्छ । यस्तै केहि समताको व्यवहार गरेको पनि पाइन्छ ।

दलित विद्यार्थी प्रति विद्यालयले कस्तो व्यवहार गरेको पाउनुहुन्छ ? भनी सोधिएको प्रश्नमाः

तालिका नं. -११ दलित विद्यार्थी प्रति विद्यालयले गरेको व्यवहार

| दलित विद्यार्थी प्रति विद्यालयले गरेको व्यवहार | शिक्षक (१०) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| समान | १० | १०० |
| असमान | ० | ० |
| विशेष | ० | ० |
| थाहा छैन | ० | ० |

*स्रोत : स्थलगत अध्ययन-२०६५*

यस तथ्यले विद्यालयले दलित विद्यार्थी प्रति कुनै भेदभाव नगरेको पुष्टि गर्दछ ।

विद्यालयमा दलित विद्यार्थी प्रति शिक्षकले गरेको व्यवहार :

दलितलाई प्राप्त सुविधा प्रदान नगर्ने भन्नेमा ० जना अर्थात --- ० प्रतिशत,

दलित, गैह्र दलित विद्यार्थीमा विभेद नगर्ने भन्नेमा १०जना अर्थात--१०० प्रतिशत,

दलित विद्यार्थीलाई विशेष प्राथमिकता दिने भन्नेमा ० जना अर्थात -- ० प्रतिशत,

वर्ण व्यवस्थाका आधारमा व्यवहार गर्ने भन्नेमा ० जना अर्थात -- ० प्रतिशत

यस तथ्यले विद्यालयबाट दलित विद्यार्थी तथा गैह्र दलित विद्यार्थी बीच कुनै विभेद नगरेको पुष्टि हुन्छ ।

वर्तमान पाठ्यक्रम दलित विद्यार्थीहको हकमा के कस्तो रहेको मान्नु हुन्छ :
तालिका नं. -१२ दलित विद्यार्थीसँग पाठ्यक्रमको उपयुक्तता

| दलित विद्यार्थीसँग पाठ्यक्रमको उपयुक्तता | प्रतिकृयादिने शिक्षक (१०) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| ज्यादै उपयुक्त | ० | ० |
| उपयुक्त | ८ | ८० |
| अनुपयुक्त | ० | ० |
| परिवर्तन गरिनु पर्छ | २ | २० |

स्रोत : स्थलगत अध्ययन-२०६५

पाठ्यक्रमले पनि विद्यार्थी प्रतिको व्यवहार निर्दिष्ट गर्ने हुँदा यो प्रश्न समावेश गरिएको हो । यस प्रश्नबाट पनि राष्ट्रले दलित विद्यार्थी प्रति भेदभाव नगरेको पुष्टि हन्छ । हालको पाठ्यक्रम दलितहरूका लागि समेत उपयुक्त भएको मान्न सकिन्छ ।

घ) विद्यालय निरीक्षकसँग गरिएको प्रश्नमाः

विद्यालयमा दलित विद्यार्थीहरू प्रति कस्तो व्यवहार गरेको पाउनु हुन्छ भनी वि.नि.सँग गरिएको प्रश्नमाः

तालिका नं. -१३ दलित विद्याथीप्रतिको व्यवहार

| दलित विद्याथीप्रतिको व्यवहार | प्रतिकृयादिने वि.नि.(२) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| सामाजिक वर्ण व्यवस्था अनुसारको व्यवहार | ० | ० |
| समान व्यवहार | २ | १०० |
| दलितहरूको पहिचान गरि विशेष व्यवहार | ० | ० |
| व्यक्तिगत क्षमता अनुसारको व्यवहार | ० | ० |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यको सतप्रतिशत धारणा दलित र गैहृ दलित बीच विद्यालयले समान व्यवहार गरेको पुष्टि हुन्छ ।

हालको पाठ्यक्रम दलितहरूको हितमा रहेको छ ? भनी सोधिएको प्रश्नमा :-

तालिका नं. -१४पाठ्यक्रमको सान्दर्भिकता

| पाठ्यक्रमको सान्दर्भिकता | प्रतिकृयादिने वि.नि.(२) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| छ | १ | ५० |
| छैन | - | - |
| विभेद छैन | - | - |
| परिवर्तन गरिनुपर्छ | १ | ५० |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस प्रश्नमा पाठ्यक्रम उपयुक्त दलितलाई भेदभाव गरेको छैन दुवै तर्फमा समान धारणा आएको छ । यी दुवै धारणा सकारात्मक हुन् । पाठ्यक्रम हितमा छ एवम् पाठ्यक्रमले विभेद गरेको छैन भन्ने तर्क आउनु पाठ्यक्रमले दलित गैह्र दलितमा विभेद नगरेको व्यवहोरा पुष्टि हुन्छ ।

दलित विद्यार्थीहरू प्रति विद्यालयले गरेको व्यवहार पत्ता लगाउने सन्दर्भमा ४ पक्ष ( दलित विद्यार्थी, दलित अभिभावक, शिक्षक र विद्यालय निरीक्षकहरूसँग प्रश्नावलीद्वारा अन्तरवार्ताँ लिंदा विद्यालय, शिक्षक, पाठ्यक्रम आदिले दलित गैह्रदलित विद्यार्थी बीच विभेद नगरी समान व्हार गरेको तर्क सवल रूपमा प्राप्त भएको हुदा दलित विद्यार्थीहरू प्रति विद्यालयबाट सकारात्मक व्यवहार भएको मान्नु पर्दछ ।

### ४.३ दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि बढाउने उपायको खोजी सम्बन्धमा अध्ययनः

दलित विद्यार्थीको शैक्षिक उपलब्धि बढाउने उपायको खोजी गर्न २५ जना दलित विद्यार्थी, २५ जना दलित अभिभावक, १० जना शिक्षक र २ जना विद्यालय निरीक्षकसँग प्रश्नावलीद्वारा अन्तरवार्ता लिई निष्कर्ष निकालेको छु । जुन निम्न छन् :-

(क) दलित अभिभावकसँग गरिएको प्रश्नमा

एस. एल.सी. परीक्षामा दलितहरूको शैक्षिक उपलब्धि स्तर कस्तो रहेको पाउनु हुन्छ भन्ने प्रश्नमा

तालिका नं. -१५ दलित विद्यार्थीको शैक्षिक उपलब्धि

| दलित विद्यार्थीको शैक्षिक उपलब्धि | अभिभावक(२५) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| उत्तम | ० | ० |
| मध्यम | ३ | १२ |
| सामान्य | ११ | ४४ |
| न्यून | ११ | ४४ |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यले दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर मध्यम छ भन्ने झीनो धारणा रहेको र सामन्य र न्यून भन्ने धारणा सवल रहेको देखाउँछ । यसर्थ दलित विद्यार्थीको उपलब्धि स्तर सन्तोषजनक रहेको मान्न सकिने अवस्था भने छैन ।

दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि वृद्धि गर्न के गर्न उपयुक्त ठान्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा :-

तालिका नं. -१६ दलित विद्यार्थीको शैक्षिक उपलब्धी वृद्धि गर्ने उपाय

| दलित विद्यार्थीको शैक्षिक उपलब्धी वृद्धि गर्ने उपाय | अभिभावक(२५) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| समान अवसर दिने | ८ | ३२ |
| छुट्टै पाठ्यक्रम परीक्षा प्रणाली लागू गर्ने | १ | ४ |
| व्यक्तिगत क्षमता प्रष्फुटन गर्ने | १५ | ६० |
| लक्षित कार्यक्रम संचालन | १ | ४ |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यले दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर मध्यम छ भन्ने झीनो धारणा रहेको र सामन्य र न्यून भन्ने धारणा सवल रहेको देखाउँछ । यसर्थ दलित विद्यार्थीको उपलब्धि स्तर सन्तोषजनक रहेको मान्न सकिने अवस्था भने छैन ।

यस तथ्यले दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न समान अवसर प्रदान गर्ने र व्यक्तिगत क्षमता प्रस्फूटन गर्ने वातावरण प्रदान गरिनु पर्ने तर्क सवल रूपमा आएको देखिन्छ भने दलितका लागि छुट्टै शैक्षिक कार्यक्रम सञ्चालन गरिनु पर्छ भन्ने तर्कमा ज्यादै भ्रीनो मत रहेको देखिन्छ । यसले दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्न समान अवसरमा व्यक्तिगत क्षमता प्रस्फूटनको वातावरण सृजना गर्नु पर्ने निष्कर्ष निकाल्न सकिन्छ

दलित विद्यार्थीहरूको उपलब्धि स्तर न्यून हुनाको कारण केलाई ठान्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा :

तालिका नं. -१७ दलित विद्याथीको उपलब्धि न्यून हुनको कारण

| दलित विद्याथीको उपलब्धि न्यून हुनको कारण | प्रतिक्रियादिने अभिभावक (२५) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| समान व्यहार | १ | ४ |
| आफ्नै प्रवृत्ति | ४ | १६ |
| आर्थिक कमजोरी | १७ | ६८ |
| सरकारी निती | ३ | १२ |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यले दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि न्यून हुनाको मूख्य कारण आर्थिक कमजोरी देखिएको छ भने दलितहरूको आफ्नै प्रवृत्ति, सरकारी नीति र समान व्यवहारको कारणले पनि उपलब्धि कम रहेको भ्रीनो तर्क आएको पाइन्छ , तथापी मूख्य कारण दलितहरूको आर्थिक कमजोरीलाइ नै मान्नु पर्दछ ।

दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न सरकारी स्तरमा के कार्यक्रम सञ्चालनहोस् भन्ने ठान्नुहुन्छ ? भन्ने प्रश्नमा :-

तालिका नं. -१८संचालन गर्नु पर्ने कार्यक्रम

| संचालन गर्नु पर्ने कार्यक्रम | प्रतिक्रियादिने अभिभावक(२५) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| व्यक्तिगत क्षमता प्रष्फुटन गर्ने | १५ | ६० |
| छुट्टै कार्यक्रम लागू गर्ने | २ | ८ |
| पाठ्यक्रम परिमार्जन गर्ने | ५ | २० |
| हालको व्यवस्था ठिक | ३ | १२ |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यले दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि न्यून हुनाको मूख्य कारण आर्थिक कमजोरी देखिएको छ भने दलितहरूको आफ्नै प्रवृत्ति, सरकारी नीति र समान व्यवहारको कारणले पनि उपलब्धि कम रहेको झीनो तर्क आएको पाइन्छ , तथापी मूख्य कारण दलितहरूको आर्थिक कमजोरीलाइ नै मान्नु पर्दछ ।

यस तथ्यले समानताको आधारमा व्यक्तिगत क्षमता प्रस्फूटनको अवसर प्रदान गर्नु नै दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर वृद्धि गर्ने मुख्य माध्यम हुन सक्ने ठहर गरेको मान्नु पर्दछ पाठ्यक्रममा दलितसँग सम्बन्धित विषयवस्तु बढी राख्नु पर्ने तर्क पनि यहाँ सवल रूपमै आएको मान्नु पर्दछ । यस्तै दलितको लागि छुट्टै कार्यक्रम तयार गर्ने अथवा हालको अवस्थामै चित्त बुझाउने तर्क झीनो रूपमा आएको छ ।

(ख) दलित विद्यार्थीसँग गरिएको प्रश्नमा
तपाईंको शैक्षिक उपलब्धि बृद्धि गर्न विद्यालयले के गरिदिनु पर्दछ ? भनी गरिएको प्रश्नमा

तालिका नं. -१९ शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय

| शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय | विद्यार्थी (२५) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| छात्रवृत्ति | १३ | ५२ |
| अतिरिक्त कक्षा | १० | ४० |
| अभिभावक शिक्षा | १ | ४ |
| अन्य | १ | ४ |

स्रोत :-स्थलगत अध्ययन-२०६५

यस तथ्यले दलित विद्यार्थीहरूको शैक्षिक स्तर वृद्धि गर्न मूख्यरूपमा छात्रवृत्तिको व्यवस्था हुनु पर्ने देखाउँछ भने अतिरिक्त कक्षा हुनु पर्ने तर्क पनि जोड्दार रूपमा आएको मान्नु पर्दछ । यस्तै अभिभावक शिक्षा र अन्य भन्ने भ्fीनो तर्क रहेको देखिन्छ ।

तपाईं घरमा कति घण्टा पढ्नु हुन्छ ? भनी गरिएको प्रश्नमा :-
तालिका नं. -२० अध्ययन गर्ने समय

| घरमा कति अध्ययन गर्नु हुन्छ | प्रतिक्रियादिने विद्यार्थी (२५) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| ४ घण्टा माथि | २ | ८ |
| २/३ घण्टा माथि | ९ | ३६ |
| १ घण्टा | २ | ८ |
| भ्याए अनुसार | १२ | ४८ |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यले दलित विद्यार्थीहरूले घरमा भ्याएअनुसार मात्र पढ्ने को सङ्ख्या बडी रहेको देखियो भने २ /३ घण्टा पढ्नेको सङ्ख्या पनि उल्लेख्य रहको पाइयो । घरमा कम पढ्न पाएको कारणले शैक्षिक उपलब्धि कम भएको महसुस यस प्रश्नले गराँउछ ।

तपाईंको पढाइमा बाधा पर्ने मूख्य कुराहरू उल्लेख गर्नुहोस। भनी सोधिएको प्रश्नमा आर्थिक कारण उल्लेख गर्ने विद्यार्थी बढिरहको पाइयो, सामाजिक कारण समय अभाव भनी उल्लेख गर्ने सङ्ख्या पनि कम नरहेको पाइयो , पारिवारिक अवस्था, सन्तान बढी र दलितमाथिको भेदभाव भन्ने आवाज न्यून रहेको पाइयो ।

यस तथ्यलाई हेर्दा दलित विद्यार्थीको पढाइमा बाधा पर्ने मुख्य तत्व आर्थिक कमजोरी र अन्य तत्वहरूमा सामाजिक कारण, समय अभाव र बढी सन्तान आदि कारणहरू रहेको देखिन्छ ।

एस.एल.सी. परीक्षामा दलित विद्यार्थीको उपलब्धि बढाउन के गर्नु पर्दछ भनी सोधिएको प्रश्नमाः-

छात्रबृत्तिको ब्यवस्था, अतिरिक्त कक्षाको ब्यवस्था भन्नेको सङ्ख्या अधिक रहको छ । दलित विद्यार्थीलाई प्रोत्साहन प्रेरणा भन्नेको सङ्ख्या पनि उल्लेख्य रहेको छ । चेतना बृद्धि र आर्थिक अवस्थमा सुधार गर्नुपर्ने सुझाव समेत प्राप्त भएको छ । यस तथ्यले दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्न छात्रबृत्तिको ब्यवस्था अतिरिक्त कक्षाको ब्यवस्था , विद्यार्थीमा प्रोत्साहन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

**ग) शिक्षकसँग गरिएको प्रश्नमा :-**

दलित विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन शिक्षण सिकाइमा तपाईंले के गर्दै आउनु भएको छ ? भनी सोधिएको प्रश्नमा :-

तालिका नं. -२१ शिक्षण सिकाइमा गरिदै आएको कार्य

| शिक्षण सिकाइमा गरिदै आएको कार्य | प्रतिक्रियादिने शिक्षक (१०) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| विशेष व्यवहार | ० | ० |
| विशेष मूल्याङ्कन/पृष्ठपोषण | २ | २० |
| समान व्यवहार | ८ | ८० |
| वास्तै नगरेको | ० | ० |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यले शिक्षकले कक्षामा दलित, गैह्र दलित विद्यार्थीमा समान व्यवहार गरेको अर्थात दलित गैह्र दलितमा कुनै भेदभाव नगरेको र बिना भेदभाव व्यवहारबाट दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि हुने धारणा अत्याधिक रहेको पाइयो भने दलित विद्यार्थीलाई बिशेष मूल्याङ्कन पृष्ठपोषणबाट पनि उपलब्धि स्तर बढाउन सकिने धारणा समेत आएको छ ।

दलित विद्यार्थीको उपलब्धिस्तर बढाउन के गर्नु उपयुक्त ठान्नुहुन्छ ? भनी भएको सोधनीमा :

तालिका नं. -२२ उपलब्धिस्तर बढाउन गर्ने क्रियाकलाप

| उपलब्धिस्तर बढाउन गर्ने क्रियाकलाप | प्रतिक्रियादिने शिक्षक(१०) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| समानताको सिद्धान्त | ५ | ५० |
| छुट्टै शिक्षण सिकाइ र मूल्याङ्कन | ० | ० |
| भइरहेको सुविधामा वृद्धि गर्ने | २ | २० |
| सचेतना कार्यक्रम सञ्चालन | ३ | ३० |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यले दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न समानताको सिद्धान्त अनुसार व्यवहार गर्नु पर्ने तर्क प्रवल रूपमा आएको पाइन्छ भने सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्ने तथा सुविधा बृद्धि गर्नु पर्ने तर्कहरू समेत आएको छ ।

दलितहरूको उपलब्धि बृद्धि गर्न पाठ्यक्रम कस्तो हुनुपर्ला ? भनी सोधिएको प्रश्नमा :-

तालिका नं. -२३ स्तर वृद्धि गर्न हुनु पर्ने पाठ्यक्रम

| स्तर वृद्धि गर्न हुनु पर्ने पाठ्यक्रम | प्रतिक्रियादिने शिक्षक (१०) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| दलितसँग सम्बन्धित विषय वस्तु वडि समावेश गर्ने | ० | ० |
| समानताको सिद्धान्तको आधारमा निर्माण हुनु पर्ने | ६ | ६० |
| समताको सिद्धान्तको आधारमा निर्माण हुनुपर्ने | ४ | ४० |
| छुट्टै पाठ्यक्रम हुनु पर्ने | ० | ० |

स्रोत : स्थलगत अध्ययन-१०६५

यस तथ्याङ्कको आधारमा दलित विद्यार्थीको शैक्षिक अवस्थामा वृद्धि गर्न समानता र समताको आधारमा पाठ्यक्रम निर्मित हुनु पर्दछ भन्ने धारणा रहेको  निष्कर्श निकाल्न सकिन्छ ।

विद्यालयले कस्तो व्यवहार गरेमा दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि हुनसक्ने ठान्नु हुन्छ ? भनी गरिएको सोधनीमा:-

तालिका नं. -२४ दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्न विद्यालयले गर्नु पर्ने व्यवहार

| दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्न विद्यालयले गर्नु पर्ने व्यवहार | प्रतिक्रियादिने शिक्षक (१०) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| समान व्यवहार | ३ | ३० |
| सुविधाहरू वृद्धि गर्ने | २ | २० |
| व्यक्तिगत क्षमता पहिचान गरी विशेष व्यवहार | ५ | ५० |
| सामाजिक वर्ण व्यवस्था अनुसारको व्यवहार | ० | ० |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्य अनुसार दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर वृद्धि गर्ने सवैभन्दा महत्वपूर्ण माध्यम व्यक्तिगत क्षमता पहिचान गरी विशेष व्यवहार गर्नु देखियो भने समान व्यवहार र भइरहेको सुविधामा वृद्धि गरेर पनि उपलब्धि स्तर उकास्न सकिन्छ भन्ने चिन्तन आएको छ

**ख) दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न के गर्नुपर्ला ? भनी भएको सोधनीमा :-**

समान व्यवहार गर्ने र भइरहेको सुविधा वृद्धि गर्नु पर्ने धारणा प्रवल रूपमा आएको छ , जनचेतनामा वृद्धि / समान सहभागिता, शैक्षिक वातावरण निर्माण गरेर उपलब्धि बढाउन सकिने धारणाहरू प्राप्त भएका छन्, छात्रवृत्तिको व्यवस्था, आर्थिक सहायताबाट उपलब्धि बढाउन सकिने धारणा निम्न रूपमा आएका छन्, प्रोत्साहन, रोजगारको अवसर व्यवहारिक परिवर्तन, वैयक्तिक भिन्नता पहिचान गरेर पनि उपलब्धि बढाउन सकिने धारणाहरू झीनो रूपमा आएका छन ।

**घ) विद्यालय निरीक्षकहरूसँग गरिएको प्रश्नमा**

दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर कम छ भनिन्छ । यस कथनलाई कसरी लिनुभएको छ ? भन्ने प्रश्नमा :

तालिका नं. -२५ दलित विद्यार्थीको उपलब्धिस्तर कम छ भन्ने कथन

| दलित विद्यार्थीको उपलब्धिस्तर कम छ भन्ने कथन | प्रतिक्रियादिने वि.नि.(२) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| यर्थाथ हो | २ | १०० |
| अफवाह मात्र हो | ० | ० |
| दलितवादि कथन हो | ० | ० |
| व्यक्तिगत क्षमता अनुसार उपलब्धि हुन्छ | ० | ० |

स्रोत : स्थलगत अध्ययन -२०६५

यस तथ्यले दलितहरूको शैक्षिक उपलब्धि न्यून रहेको स्वीकार गरेको देखिन्छ ।

दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर बढाउन के गर्न उपयुक्त ठान्नु हुन्छ ? भनी गरिएको प्रश्नमा :-

तालिका नं. -२६ दलित विद्यार्थीको शैक्षिक उपलब्धिस्तर बढाउने उपाय

| दलित विद्यार्थीको शैक्षिक उपलब्धिस्तर बढाउने उपाय | प्रतिक्रियादिने वि.नि.(२) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| दलित विद्यार्थीलाई सबैभन्दा वढि प्राथमिकता दिनु पर्छ । | ० | ० |
| समताको सिद्धान्तमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने | २ | १०० |
| छुटै शिक्षण सिकाइ गरिनु पर्छ | ० | ० |
| दलित विद्यार्थीको शैक्षिक मूल्याङ्कन प्रकृया खुकुलो पार्ने | ० | ० |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस तथ्यले दलितहरूको शैक्षिक स्तर बढाउन समताको आधारमा शैक्षिक क्रियाकलाप सञ्चालन गरिनु पर्दछ भन्ने सन्देश दिइएको पाइन्छ ।

हालको पाठ्यक्रम दलितहरूको हितमा रहेको छ ? भनी गरिएको प्रश्नमा :-

तालिका नं. -२७ हालको पाठ्यक्रम दलितको हितको अवस्था

| हालको पाठ्यक्रम दलितको हितमा छ ? | प्रतिक्रियादिने वि.नि.(२) | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| छ | ० | ० |
| छैन | ० | ० |
| दलितप्रति पाठ्यक्रमले विभेद गरेको छैन | २ | १०० |
| परिवर्तन गरिनुपर्छ | ० | ० |

स्रोत : स्थलगत अध्ययन-२०६५

यस सोधनीले वर्तमान पाठ्यक्रमले दलित प्रति विभेद गरेको छैन भनी पुष्टि गर्दछ ।

**दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर बढाउन के के गर्नु पर्ला ? सुझाव दिनुहोस् भन्ने प्रश्नमा :**

छात्रवृत्ति, पोशाक जस्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने भन्ने २ जना अर्थात १००%, सामाजिक चेतना वृद्धि गर्ने भन्ने २ जना अर्थात १००%, दलित भित्रका राज्यले सहयोग गर्नु पर्ने समूहको पहिचान गर्ने भन्ने २ जना अर्थात १००%, अवसरको समानता / समता प्रदान गर्ने (आर्थिक सहयोग) भन्ने २ जना अर्थात १००% देखिन्छ ।

यस प्रश्नले दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि वृद्धि गर्न चेतना वृद्धि, छात्रवृत्ति, आर्थिक सहयोग, अवसरको समता / समानता जस्ता पक्षहरूमा ध्यान लिनु पर्ने देखिएको छ ।

Maxweber ले भने जस्तै व्यक्तिहरूका बीचमा सम्पति, शक्ति, मानसम्मान तथा इज्जतका लागि समाजमा तानातान भइरहन्छ यसले गर्दा समाजमा विभेदीकरणको जन्म हुन्छ । यही विभेदीकरणले नै समाजमा ठूलो, सानो, म , तँ मेरो तेरो उचनीच भन्ने भावनाको जन्म हुन्छ । तल्लो वर्ग पछाडि परिरहन्छ । तल्लो तहका शारीरिक तथा सुरक्षात्मक आवश्यकताहरू (मास्लो) को खोजीमा मात्र रहिरहन्छ । जसले गर्दा माथिल्लो स्तरका आवश्यकता परिपूर्ति तर्फ उत्प्रेरित नै हुन सक्दोरहेछ । यहाँका दलित विद्यार्थीहरूको अवस्था यही भएको पाइन्छ । सामाजिक वर्ग व्यवस्थाको हिसावले तल्लो भागमा रहेका, छुवाछुतको

हिसावले अछुत मानिने दलित वर्गका विद्यार्थीहरू स्वयंमा पनि उत्प्रेरणाको अभावले ग्रसित देखिन्छन् । विद्यालय, पाठ्यक्रम, शिक्षक तथा विद्यार्थी साथीभाइहरूबाट फरक व्यवहार नगरेको भएपनि राज्य तथा विद्यालयको तर्फबाट विशेष प्राथमिकता प्रदान नगरे सम्म दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि राम्रोसँग सुधार गर्न सकिने अवस्था देखिदैन । अन्य सामाजिक, आर्थिक, पारिवारिक, भौगोलिक तथा सामाजिक पक्षहरूको वेवास्था गरी समानताको सिद्धान्त (Equality principle)को आधारमा व्यवहार गरिने पद्धतिबाट नेपालमा शिक्षा पद्धतिको सञ्चालन भएको पाइन्छ । यसले मात्र दलित विद्यार्थीहरूलाई शिक्षाको मूल धारमा समेट्न सकिदैन । तसर्थ विशेष छात्रवृत्ति, अनुदान, कोटा प्रणाली सहित समानताको सिद्धान्तको (Equality principle) को आधारमा राज्यले दलित विद्यार्थीहरू प्रति व्यवहार गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष एवम् सुझाव

## ५.१ प्राप्ति

एस.एल.सी परीक्षामा दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई लिएर गरिएको यो अध्ययन इलाम जिल्लाको आर्दश उ.मा.वि. स्रोत केन्द्र अर्न्तगतका ५ वटा सामुदायिक माध्यमिक विद्यालयहरूलाई आफ्नो नमूना क्षेत्रमा समेदै समापन गरिएको थियो । विभिन्न प्रकारका तथ्याङ्क सङ्कलन फारमा तथा प्रतिकृया बुझ्ने क्रममा प्रयोग गरिएका बन्द प्रश्नावलीहरूलाई अध्ययनको क्रममा मुख्य साधनको रूपमा प्रयोग गरिएको थियो । प्राप्त तथ्यांकहरूको तालिकिकरण, गरी सोको आधारमा निचोडमा पुग्ने कार्य गरिएको छ ।

यस अध्ययनका प्राप्तीहरुमा एस.एल.सी परीक्षामा दलित विद्यार्थीहरूको औषत उपलब्धि ४२.७८ प्रतिशत रहेको, गैह्र दलित विद्यार्थीहरुको औषत उपलव्धी ४८.१३ रहेको दलित विद्यार्थीहरुको शैक्षिक उपलव्धी भन्दा गैह्र दलित विद्यार्थीको शैक्षिक उपलव्धी ५.३५ प्रतिशत बढि रहेको, दलित विद्यार्थी प्रति विद्यालयले समान व्यवहार गरेको, दलित विद्यार्थीहरुले समेत विद्यालयबाट अन्य सरह आफूलाई व्यवहार गरिएको अनुभुति गरिएको, शिक्षकले दलित विद्यार्थी प्रति समान व्यवहार गरेको, पाठ्यक्रम पाठ्यपुस्तकले विद्यार्थीलाई विशेष प्रोत्सहान नगरे पनि विभेद नगरेको समताको सिद्धान्तको आधारमा दलित विद्यार्थीलाई राज्य तथा विद्यालयले व्यवहार गर्नु पर्ने जस्ता प्राप्तिहरु भएका छन् ।

## ५.२. निष्कर्ष

अध्ययनको उद्देश्यको सेरोफोरोमा रहेर विभिन्न क्रियाकलाप द्धारा दलित विद्यार्थीको औसत उपलब्धि, सो उपलब्धिको तुलना, दलित विद्यार्थीप्रति विद्यालयको व्यवहार, दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायको खोजी आदि उद्देश्यमा प्रवेशिका परीक्षामा दलित विद्यार्थीहरुको औषत उपलव्धी कम देखिएको औषत सिकाइ उपलव्धी तृतिय श्रेणी भन्दा माथि नरहेको, थारै विद्यार्थीले मात्र दोस्रो श्रेणीमा सफलता पाएका, दलितहरुको सिकाइ उपलव्धी ४२.७८ प्रतिशत मात्र रहेको हुँदा सन्तोषजनक मान्न नसकिने । गैह्र दलित विद्यार्थीहरुको औषत सिकाइ उपलव्धी ५.३५ प्रतिशतले वढिरहेको , गैह्र दलित विद्यार्थीको

तुलनामा दलित विद्यार्थीहरु सामान्य रुपमा कमजोर मात्र देखिएको , दलित विद्यार्थीहरुप्रति सवैले समान व्यवहार गरेको, राज्यले दलित गैह्र दलित विद्यार्थी प्रति भेदभाव नगरेको, पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण सिकाई प्रणालीले कुनै विद्यार्थीप्रति भेदभाव नगरेको, छात्रवृति पोशाक आदिको व्यवस्थाले विद्यार्थीहरुमा प्रोत्सहान बढेको, दलित विद्यार्थीहरुको सिकाइ स्तर वृद्धि गर्न चेतनामूलक कार्यक्रम, आयमूलक कार्यक्रम संचालन गर्नु पर्ने, सिकाई उपलव्धी वृद्धि गर्न अतिरिक्त कक्षा समेत संचालन गर्नु पर्ने, विद्यालयको सह र अतिरिक्त क्रियाकलापमा विद्यालर्थीहरुलाई अधिक सहभागी गराउनु पर्ने जस्ता किसिमका निष्कर्ष निकालेको छु ।

## ५.३ सुझावहरू

१. दलित विद्यार्थीको औसत शैक्षिक उपलब्धि देखिएको हुदाँ यस तर्फ ध्यान दिई दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने तर्फ विशेष ध्यान दिई थप कक्षा विषय र पेशागत विषयका कार्यक्रमहरू तर्जुमा गर्ने

२. दलित गैह्रदलित बीचको औसत शैक्षिक उपलब्धि बराबर पार्न दलित विद्यार्थीलाई छात्रवृति,पोशाक, निशुल्क उच्च शिक्षा जस्ता शैक्षिक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

३.दलित विद्यार्थीलाई प्राथमिकता प्रदान गरी पेशासिता सम्वन्धित विषयवस्तु भएका पाठ्यक्रम पाठ्यपुस्तकको व्यवस्था गर्नु पर्ने ।

४.दलित अभिभावकमा चेतना बृद्धि गर्न गोष्ठि, वैठक, अनौपचारिक शिक्षा जस्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

५.दलित अभिभावकको आर्थिक अवस्था उकास्न पेशागत सीप, आधुनिक प्रविधि जस्ता आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने ।

६.भइरहेको दलित छात्रबृति तथा अन्य प्रोत्साहन कर्यक्रमको रकम बढाई निरन्तरता दिने ।

७.दलित विद्यार्थीहरूको अतिरिक्त कक्षा तथा कोचिङ क्लासको व्यवस्था गर्ने ।

८.दलित विद्यार्थीहरूको समेत पायक हेरी विद्यालय स्थापना सञ्चालन गर्ने ।

९.अभिभावक भेला तथा अन्य विद्यालयका कार्यक्रमहरूमा दलित अभिभावकको अनिवार्य उपस्थिति गराइ सम्मान, प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गर्ने ।

१०.गरिवि निवारणका कार्यक्रमहरू स्थानीय कृषि घरेलु उद्योग जस्ता कार्यक्रमहरु सामुहिक रुपमा सञ्चालन गर्ने ।

११. दलित बर्गलाई सशक्तीकरण गर्न उपर्युक्त र प्रभावकारी कार्यक्रम संचालन गर्ने ।

१२. दलित विद्यार्थीभित्र प्रतिस्पर्धा गराइ उत्कृष्ट विद्यार्थीहरुलाई प्रोत्सहान गर्ने ।

१३. दलितमैत्रि वातावरण विद्यालयमा सृजना गर्ने दलितहरुवीच भेदभावको भावनाको अन्त्य गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

१४. शिक्षकले दलित गैहृ दलित विद्यार्थीमा समताको सिद्धान्त प्रयोग गर्ने ।

१५.दलित विद्यार्थीहरूलाई विद्यालयमा विशेष प्राथमिकता दिइ हरेक क्रियाकलापहरुमा अनिवार्य रुपमा भाग लिने व्यवस्था गर्ने ।

१६.दलित विद्यार्थीहरूलाई स्वरोजगारी शिक्षाको व्यवस्था गर्ने ।

१७. दलितका परम्परागत पेशालाई प्रमाणिकरण गर्ने ।

# सन्दर्भ सामग्री

ओली, टेकवहादुर (२०६२): विद्यालय तहमा दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर र यसमा प्रभाव पार्ने पक्षहरू, महेन्द्र रत्न कयाम्पस लाहाचल, अप्रकाशित शोधपत्र,

कार्की, उपेन्द्रकुमार (२०५८): शिक्षा मनोविज्ञान, काठमाडौं भोटाहीटी, विद्यार्थी पुस्तक भण्डार ।

कार्की, रनवहादुर (२०५८): इलाम दर्शन, काठमाडौं,बुद्धनगर, कलर एक्सप्रेस प्रा.लि. ।

कोइराला, विद्यानाथ (२०६४) : शिक्षामा बैकल्पिक चिन्तन, नेपाल एफो ।

खनाल, पेशल (२०६२): शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौ, सनलाइट पब्लिकेशन ।

गिरी, ठगेन्द्र प्रकाश (२०६२): पाठ्यक्रम अध्ययन, काठमाण्डौ,

नेपाल, ध्रुव(२०६५ भाद्र १): मेना वि. क. को डाक्टर बन्ने सपना, आरक्षणको प्रश्न, गोरखापत्र दैनिक ।

पहाडी, डम्बर(२०५८): बर्णाश्रम ब्यवस्थामा शुद्र, र अछुतः ऐतिहासिक सन्दर्भ, इलामः नेपाल प्राध्यापक सङ्घ, इकाई समिति म.र.व. क्याम्पस

त्रिखत्री, दिपक (२०६०): पूर्वाञ्चल विकास सँगालो, स्रोत विकास केन्द्र नेपाल

एजुकेशन पेजेज, (२०६५): एजुकेशन पेजेज पाक्षिक, वर्ष ६ अंक ७

## अनुसूचिहरू

अनुसूचि -१ दलित अभिावकक्को लागि प्रश्नावली

अनुसूचि -२ दलित विद्यार्थीको लागि प्रश्नावली

अनुसूचि -३  शिक्षकको लागि प्रश्नावली

अनुसूचि -४  विद्यालय निरिक्षकको लागि प्रश्नावली

अनूसूचि - ५ एस. एल. सी. परीक्षाको उपलब्धि विवरण फारम २०६५

# अनूसूची -१

प्रवेशिका परीक्षामा दलितत गैहृ दलित विद्यार्थीको सिकाइ उपलव्धीको तुलना

**<u>दलित अभिभावकका लागि प्रश्नावली</u>**

*आफूलाई ठीक लागेको एकमात्र बुँदामा (✔) चिन्ह लगाउनुहोस ।*

१) एस. एल. सी. परीक्षामा दलितहरूको शैक्षिक उपलब्धि स्तर कस्तो पाउनु हुन्छ ?

क) उत्तम ख) मध्यम ग) सामान्य घ) न्यून

२) दलित विद्यार्थी र गैहृ दलित विद्यार्थी वीचको शैक्षिक उपलब्धि कस्तो रहेको मान्नु हुन्छ ?

क) दलित र गैहृ दलितको शैक्षिक उपलब्धि उस्तै उस्तै छ ।

ख) दलितकोभन्दा गैहृ दलितको शैक्षिक उपलब्धि उच्च रहेको छ ।

ग) दलितको उपलब्धि गैहृ दलित विद्यार्थीको भन्दा उच्च छ ।

घ) ब्यक्तिगत क्षमता अनुसार शैक्षिक उलब्धि हुने गर्दछ ।

३) दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नु उपयुक्त ठान्नु हुन्छ ?

क) दलितहरूलाई सम्पूर्ण शैक्षिक पक्षमा समान अवसर दिने ।

ख) दलितहरूका लागि छुट्टै पाठ्यक्रम र परीक्षा प्रणालिको विकास गर्ने ।

ग) सामाजिक विभेद हटाई समान व्यवहारमा ब्यक्तिगत प्रस्फुटन गर्ने वातावरण सिर्जना गर्ने ।

घ) दलित विद्यार्थीहरूका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

४) दलित विद्यार्थीप्रति राज्य तथा विद्यालयले कस्तो व्यवहार गरेको पाउनु हुन्छ ?

क) सामान्य व्यवहार गरेको ख) दलितहरूलाई हेपेको

ग) दलित विद्यार्थीलाई प्रोसाहन गरेको घ) दलित प्रति वास्तै नगरेको

५. वर्तमान पाठ्यक्रम प्रति तपाइको धारणा के रहेको छ ?

क) दलितलाई उपयुक्त छैन ।

ख) दलितलाई हेप्ने विषयबस्तु छन् ।

ग) पाठ्यक्रममा दलित र गैहृ दलितलाई विभेद गरेको पाइदैन ।

घ) दलितको शैक्षिक उन्नतिको लागि पाठ्यक्रम परिवर्तन गरिनु पर्छ ।

६) दलित विद्यार्थीको उपलब्धि स्तर न्यून हुनाको कारण केलाई ठान्नु हुन्छ ?

क) समान व्यवहार ख) दलितहरूको आफ्नै प्रबृति

ग) आर्थीक कमजोरी घ) सरकारी नीति

७) दलित विद्यार्थीले के समस्याहरू भोलिरहेको पाउनु भएकोछ ?

क) दलितहरूलाई हेप्ने प्रबृति ख) कक्षाकोठामा विभेद

ग) अनुपयुक्त घरायसी वातावरण घ) शिक्षण सिकाई सामग्रीको अभाव

८) वर्तमान शैक्षिक व्यवस्था कस्तो रहेको मान्नु हुन्छ ?

क) सबै नागरकिलाई समान व्यवहार गरेको ख) उच्च वर्गलाई प्राथमकिता दिएको

ग) समताको सिद्धान्त लागू गरिएको घ) सामाजिक वर्णब्यवस्थाका आधारमा व्यवहार गरेको ।

९) दलित विद्यार्थीको शैक्षिक उपलधि बृद्धि गर्न सरकारी स्तरमा के कार्यक्रम सञ्चालन होस भन्ने ठान्नु हुन्छ ?

क) सबैलाई ब्यक्तिगत क्षमता प्रस्फुटनको समान अवसर प्राप्त होस ।

ख) दलितको लागि छुट्टै कार्यक्रम तय गरिनु पर्दछ ।

ग) पाठ्यक्रममा दलितसँग सम्बन्धित विषयबस्तु बढी हुनुपर्छ ।

घ) हालको व्यवस्था नै पर्याप्त छ ।

**दलित अभिभावकको**

**नाम**.......................................

**ठेगानाः-**.........................

**पेशाः-**...........................

**शिक्षाः-**.........................

**उमेरः-**.................

# अनुसूची -२

प्रवेशिका परीक्षामा दलितत गैह्र दलित विद्यार्थीको सिकाइ उपलव्धीको तुलना
दलित विद्यार्थीका लाीग प्रश्नावली

*सही उत्तरमा (✔) चिन्ह लगाउनुहोस ।*

प्र.नं. १. तपाइँहरूलाई विद्यालयबाट कस्तो व्यवहार गरिन्छ ?

क) धेरै राम्रो ख) राम्रो ग) सामान्य घ) नराम्रो

प्र.नं. २. तपाईंलाई माथिल्लो जातका विद्यार्थीले कस्तो व्यवहार गर्दछन् ?

क) धेरै राम्रो ख) राम्रो ग) सामान्य घ) नराम्रो

प्र.नं. ३. तपाईंको सबैभन्दा मनपर्ने साथी कस्तो छ ?

क) दलित ख) गैह्र दलित

प्र.नं.४. तपाईं गत वर्ष के हुनु भयो ?

क) प्रथम श्रेणीमा उत्तीर्ण ख) द्वितिय श्रेणीमा उत्तीर्ण

ग) तृतीय श्रेणीमा उत्तीर्ण घ) अनुर्तीण

प्र.न.५. तपाइँको शैक्षिक उपलब्धि बृद्धि गर्न विद्यालयले के गरिदिनु पर्दछ ?

क) छात्रबृत्तिको व्यवस्था ख) अतिरिक्त कक्षाको ब्यवस्था

ग) अभिभावक शिक्षा घ) अन्य

प्र.नं.६. तपाईं विद्यालय वर्षमा कति दिन आउनु हुन्छ ?

क) विद्यालय खुल्ने सबै दिन ख) ७५ प्रतिशतभन्दा माथि

ग) ५० प्रतिशतभन्दा माथि घ) ५० प्रतिशतभन्दा कम

प्र.नं.७. तपाईं घरमा दैनिक कति घण्टा अध्ययन गर्नुहुन्छ ?

क) ४ घण्टाभन्दा माथि ख) २/३ घण्टा

ग) १ घण्टा घ) भ्याए अनुसार

प्र.नं.८. तपाईंको पढाइमा बाधा पार्ने मुख्य कुराहरू उल्लेख गर्नुहोस ।

क)

ख)

ग)

प्र.नं.९.तपाँइले अध्ययन गरिरहनु भएको पाठ्यक्रमले तपाईंको दैनिक जीवनमा कस्तो प्रभाव पारेको छ ?

क) अतिउत्तम ख) उत्तम ग) मध्यम घ) छैन

प्र.नं.१०. तपाईंलाई आफ्नो जीवनमा सफल पार्न कस्तो प्रकारको शिक्षा आवश्यक छ जस्तो लाग्छ ?

..........................................................................................

प्र.नं. ११. एस. एल. सी. परीक्षामा धेरै दलित विद्यार्थी अनुर्तीण हुनाको कारण के हो ?

क) विद्यालयले असमान व्यवहार गर्नु ख) घरको वातावरण नराम्रो हुनु

ग) पाठ्यक्रम सान्दर्भिक नहुनु घ) अन्य ......

प्र.नं १२. एस. एल. सी. परीक्षामा दलित विद्यार्थीको उपलब्धि बढाउन के गर्नु पर्दछ ।

क)

ख)

ग)

घ)

**दलित विद्यार्थीको नाम :** ..............................

**विद्यालय :** ...................................

**कक्षा :** ................................

**सही :** ...............................

# अनूसूची -३

प्रवेशिका परीक्षामा दलितत गैह्र दलित विद्यार्थीको  सिकाइ उपलव्धीको तुलना
शिक्षकको लागि प्रश्नावली

*सबैभन्दा उपयुक्त लागेको एकमात्र विकल्पमा (✓) लगाई दिनु होला ।*

१. तपाईँ कक्षामा दलित विद्यार्थीप्रति कस्तो व्यवहार गर्नु हुन्छ ?

क) समान　　　　ख) दलित प्रति नकारात्मक

ग) दलितलाई प्राथमिता　　　　घ) समता

२. दलित विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन शिक्षण सिकाइमा तपाईंले के गर्दै आउनु भएको छ ?

क) विशेष व्यवहार　　　　ख) विशेष मूल्याङ्कन र पृष्ठपोषण

ग) दलित गैह्रदलित विद्यार्थीमा समान व्यवहार　　　　घ) वास्तै नगरेको

३. दलित विद्यार्थीको उपलब्धि स्तर बढाउन के गर्न उपयुक्त ठान्नु हुन्छ ?

क) समता　सिद्धान्त लागू　　　　ख) छुट्टै शिक्षण सिकाइ र मूल्याङ्कन

ग) भइरहेको सुविधामा बृद्धि　　　　घ) सचेतना कार्यक्रम संचालन

४. दलित विद्यार्थीहरू प्रति विद्यालयले कस्तो व्यवहार गरेको पाउनु हुन्छ ?

क) समान　　ख) असमान　　ग) विशेष　　घ) पहिचान नै नगरेको ।

५. वर्तमान पाठ्यक्रम दलित विद्यार्थीको हकमा कस्तो रहेको मान्नु हुन्छ ?

क) ज्यादै उपयुक्त　　　　ख) उपयुक्त

ग) दलितको लागि उपयुक्त छैन　　　　घ) परिवर्तन गरिनु पर्दछ

६. दलितहरूको उपलब्धि बृद्धि गर्न पाठ्यक्रम कस्तो हुनुपर्ला ?

क) दलितसँग सम्बन्धित विषयवस्तुहरू बढी समावेश गरिनु पर्दछ ।

ख) समानताको सिद्धान्तको आधारमा निर्मित हुनु पर्दछ ।

ग) समताको सिद्धान्तको आधारमा निर्मित हुनु पर्दछ ।

घ) दलितको लागि छुट्टै पाठ्यक्रम हुनु पर्दछ ।

७. विद्यालयले कस्तो व्यवहार गरेमा दलित विद्यार्थी शैक्षिक उपलब्धि बृद्धि हुन सक्ने ठान्नु हुन्छ ?

क) समान व्यवहार

ख) सुविधाहरू बृद्धि

ग) व्यक्तिगत क्षमता पहिचान गरी विशेष व्यवहार

घ) सामाजिक वर्ण व्यवस्था अनुसारको व्यवहार

८. विद्यालयमा दलित विद्यार्थी प्रति कस्तो व्यवहार भएको पाउनु हुन्छ ?

क) दलितलाई प्राप्त सुविधा प्रदान नगर्ने

ख) दलित गैह्र दलित विद्यार्थीमा विभेद नगर्ने

ग) दलित विद्यार्थीलाई विशेष प्राथमिकता दिने

घ) वर्णव्यवस्थाका आधारमा व्यवहार गर्ने

९. दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नु पर्ला ?

क)

ख)

ग)

घ)

**शिक्षकको**

**नाम :-**...................................

**विद्यालय :-**............................

**शै. यो :-**.............................

**सहि :-**................................

# अनुसूचि -४

प्रवेशिका परीक्षामा दलितत गैह्र दलित विद्यार्थीको  सिकाइ उपलब्धीको तुलना

## विद्यालय निरीक्षकको लागि प्रंश्नावली

***सबैभन्दा ठीक लागेको एकमात्र विकल्पमा (✓) लगाउनुहोस ।***

१. तपाईँको निरीक्षण क्षेत्रमा दलित विद्यार्थीको विद्यालय भर्ना कस्तो रहेको पाउनु भएको छ ?

क) भर्ना न्यून छ ।　　　　　　　　ख) भर्ना उच्च छ ।

ग) जनसङ्ख्या अनुसारको भर्ना अनुपात छ ।　　　　घ) सामान्य छ ।

२. दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर कम छ भनिन्छ नि ? यस कथनलाई कसरी लिनु भएको छ ?

क) कथन यर्थाथ हो ।　　　　ख) अफवाह मात्र हो ।

ग) दलितवादी कथन हो ।　　　　घ) ब्यक्तिगत  क्षमता अनुसार उपलब्धि हुन्छ ।

३. दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर बढाउन के गर्न उपयुक्त ठान्नु हुन्छ ?

क) दलितलाई सबैभन्दा प्राथमिकता दिनु पर्छ ।

ख) समताको सिद्धान्तमा शैक्षिक क्रियाकलाप संचालन गरिनु पर्दछ ।

ग) दलितहरूका लागि छुट्टै शिक्षण सिकाइ गरिनु पर्दछ ।

घ) दलितहरूको शैक्षिक मूल्याङ्कनमा खुकुलोपन ल्याउनु पर्छ ।

४. विद्यालयहरूमा दलित विद्यार्थीप्रति कस्तो व्यवहार गरेको पाउनु हुन्छ ?

क) सामाजिक वर्णब्यवस्था अनुसारको व्यवहार

ख) दलित गैह्र दलित नछुट्टयाई समान व्यवहार

ग) दलितहरूको पहिचान गरी विशेष व्यवहार गरेको

घ) ब्यक्तिगत क्षमताको मूल्याङ्कन गरी उच्चतम व्यवहार ।

५. हालको पाठ्यक्रम दलितहरूको हितमा रहेको छ ?

क) छ　　　　　　　　ख) छैन

ग) दलितप्रति पाठ्यक्रमले विभेद गरेको छैन　　　घ) परिवर्तन गरिन पर्छ ।

६ विद्यालयबाट दलित विद्यार्थीप्रति कस्तो  व्यवहार गरियोस् भन्ने ठान्नु हुन्छ ?

क) दलित विद्यार्थीलाई धेरै सुविधा प्रदान गरियोस्

ख) उपयुक्त वातावरण निर्माण गरियोस्

ग) विद्यार्थीको व्यक्तिगत क्षमता पत्ता लगाई विशेष व्यवहार गरियोस्

घ) सामाजिक वर्ण व्यवस्था अनुसार व्यवहार गरियोस् ।

७. दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर बढाउन के के गर्नु पर्छ ? आफ्ना सुझाव दिनुहोस ।

क)

ख)

**विद्यालय निरीक्षकको**

**नाम :-**.........................

**कार्यालय :-**...................

**सही** .........................

## अनुसूची -५

प्रवेशिका परीक्षामा दलितत गैह्र दलित विद्यार्थीको  सिकाइ उपलब्धीको तुलना
एस. एल. सी. परीक्षाको उपलब्धि विवरण फाराम

२०६५

मिति :-

श्री ........................................ माध्यमिक विद्यालय

........................................इलाम ।

| क्र.सं. | वि.सं. | परीक्षामा सामेल कूल विद्यार्थी | परीक्षामा सामेल कूल दलित विद्यार्थी | दलित विद्यार्थीहरूको कूल शै. उपलब्धि | गैह्र दलित विद्यार्थीहरूको कूल शै. उपलब्धि |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| जम्मा | | | | | |